जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २७२ • २०८० साल फाल्गुन १६ गते बुधबार (28 Feburary, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मधेश प्रदेश सत्ता गठबन्धनको बैठकमा 'पावर शेयरिंग'

# गठबन्धन सरकारको नेतृत्व परिवर्तन नहुने, समझदारीको निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सत्ता गठबन्धन संसदीय दलका नेताहरुको बैठकमा 'पावर शेयरिंग'को विषय उठेको छ। प्रदेश सत्ता गठबन्धनको नेतृत्व गरिरहेको जनता समाजवादी पार्टी(जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवको उपस्थितिमा मंगलवार भएको बैठकमा 'पावर शेयरिंग'को विषय उठे पनि खासै छलफल नभएको एक नेताले बताए। गठबन्धन सरकारको नेतृत्व परिवर्तनको संकेत नरहेको अध्यक्ष यादवले संकेत दिएका छन् ।

मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिए पछि पहिलो पटक सत्ता गठबन्धनका संसदीय दलका नेताहरुको बैठक बसेको थियो ।

बैठकमा अध्यक्ष यादवले सत्ता साझेदार दलहरुले समझदारीमा निर्णय लिनुपर्नेमा जोड दिँदै झिनामसिना विवाद भए त्यसको आपसी छलफलबाट निराकरण गर्नु पर्नेमा जोड दिए ।

गत हप्ता मुख्यमन्त्री यादवले विश्वासको मत लिएका थिए । जसपा नेतृत्वको सरकारलाई अल्पमतमा पार्न माओवादी र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)ले सकृय भूमिका निर्वाह गरेको थियो । सभासदहरुलाई लिएर भारतको सुरसण्डमा बैठक गरेर जसपालाई सत्ताच्यूत गर्ने खेलमा लागेका माओवादी संसदीय दलका नेता भरतप्रसाद साह र लोसपाका महन्थ ठाकुर खेमाका सभासदहरुले एमाले, जनमत पार्टी र स्वतन्त्र सभासदहरुसित मिलेर लागेका थिए ।

आन्तरिक रुपमा पद विभाजन समेत गरिसकेका असन्तुष्टहरु सरकार ढाल्न असफल भएपछि आ-आफ्नै पार्टीमा आलोचित हुन थालेका छन् । सत्ता गठबन्धनसँग इमान्दारीपूर्वक अडेका नेपाली कांग्रेसले पनि नेतृत्व परिवर्तनको विषयमा आवाज उठाउने गरेको छ ।

नेकपा एकीकृत समाजवादीले भने गठबन्धनको नेतृत्व जसपाले नै गर्ने पक्षमा तर्क राख्दै आएको छ। अर्को बजेट नआए सम्म सत्ता परिवर्तनको विषयमा गठबन्धन भित्र चर्चा हुनु अनुचित रहेको एकीकृत समाजवादीको कथन छ ।

नेकपा एमाले र जनमत पार्टी सत्ता गठबन्धनबाट अलग्गिएसँगै जसपाको सरकारलाई फेर्न गठबन्धनका माओवादी र लोसपालाई समेत विश्वासमा लिइसकेको छ। सत्ता परिवर्तनको विषयमा गठबन्धनका लागि अगुवाई गरेका माओवादी दलका नेता भरत साह र लोसपाका उपनेता उपेन्द्र महतोलगायतको समूह नै कमजोर भएको छ।

गठबन्धन दलका नेताहरुको संयुक्त बैठकमा जसपा अध्यक्ष यादवले सरकार लगायतका विषयमा शीर्ष नेताहरुबीच बैठक बसेर छलफल हुने बताएको एकजना सहभागी नेताले बताए । 'मधेश प्रदेशमा सरकारलाई गतिशील बनाएर जनचाहना अनुरुपको कार्य गर्न लाग्नु होस्' अध्यक्ष यादवको भनाई उद्घृत गर्दै सहभागी एकजना सभासदले भने, आगामी दिनमा गठबन्धनमा कुनै प्रकारको विवाद आउन दिनु हुँदैन ।

बैठकबाट विमानस्थल गएका अध्यक्ष यादवले पाँचै दलका नेताहरुलाई गठबन्धनको भावना अनुरुप कार्य गर्न निर्देशन दिए । भारतको सुरसण्डमा भएको बैठकप्रति उनले घुमाउरो ढंगले असन्तुष्टि व्यक्त गरेका थिए । नियमित रुपमा बैठक बस्न र समझदारी अनुरुप कार्य गर्न उनले निर्देशन दिए ।

सौहाद्रपूर्ण वातावरणमा बैठक बसेको बताउँदै भौतिक पूर्वाधार विकास मन्त्री समेत रहेका नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादवले प्रदेशमा उठेका विषयहरुमा पनि संघीय गठबन्धनका शीर्ष नेताहरुबीचको छलफल पछि टुंगो लाग्ने बताए ।

मधेश प्रदेश सरकारले विकास निर्माणका योजनाहरुलाई समयमै सम्पन्न गर्न द्रुतगतिमा काम अगाडि बढाएको छ । मन्त्रालयहरुबाट विनियोजित बजेट कार्यान्वयनका लागि सम्बन्धित निकायहरुमा पठाइसकेको छ ।

## प्रदेश सभाको बैठक अवरुद्ध

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले आफूखुशी बोलाएको बैठक जनमत पार्टीको अवरोधको कारण अनिश्चितकालका लागि स्थगित भएको छ।

प्रदेश सरकार र कार्य परामर्श समिति सित छलफल बेगर नै सभामुख मण्डलले बोलाएको बैठकमा जनमत पार्टीले सप्तरी जिल्लामा मधेश कृषि विश्वविद्यालयको भवन शिलान्यासको क्रममा भएको प्रहरी दमनको छानबिनको माग गर्दै बैठक अवरुद्ध गरेका थिए ।

कार्य परामर्श समितिको बैठक बिना नै सभामुख मण्डलले आफ्नो अधिकारको प्रयोग गर्दै बैठक बोलाएको जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रमुख सचेतक रामअशिष यादवले बताए ।

सप्तरीमा तत्कालीन शिक्षा मन्त्री महेशप्रसाद यादव र सभासद सतिश सिंहलाई चोटपटक लागेको थियो । त्यसपछि जनमत पार्टीले सरकार छाडेको थियो ।










# होटल व्यवसाय धरासायी भएकामा सिरहाका व्यवसायी चिन्तित

टुडे समाचारदाता

सिरहा । बैंक तथा वित्तीय संस्थाले तरलताको अवस्था हेरेर कर्जाको ब्याजदर बढाएपछि सिरहाका होटल तथा व्यवसाय संकटमा परेको छ । पछिल्लो समय जिल्लाका होटल तथा व्यवसायमा ३० प्रतिशतले गिरावट आएको जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहाका अध्यक्ष विकास सारडाले जानकारी दिए ।"एकातिर कर्जाको ब्याजदर बढ्नु र अर्कातिर उद्योग व्यवसायमा मन्दी आउनुले यहाँका उद्योग व्यवसाय थप मारमा पर्दै गएका छन्", उनले भने, "वित्तीय क्षेत्रको दोहोरो ब्याजदर वृद्धिबाट प्रभावित व्यवसायी समस्यामा परे । यसको निराकरणका लागि सरकारलगायत सबै क्षेत्रको ध्यान जाओस् ।"



सङ्घले सोमबार लाहानमा एक अन्तर्क्रिया कार्यक्रम गरी उद्योग व्यवसाय धरासायी हुँदै गएकामा जिल्लास्थित प्रमुख जिल्ला अधिकारी तथा जिल्लाका विभिन्न सुरक्षा निकायका प्रमुखमार्फत सरकारको ध्यानाकर्षण समेत गराएको छ । होटल व्यवसाय सञ्चालन तथा सहजीकरणका लागि सबै क्षेत्र र तहबीच समन्वय र सहकार्य हुनुपर्नेमा सिरहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले बताए । त्यस्तै नेपाल-भारत खुला सिमानाका कारण हुने अवैधानिक क्रियाकलापलाई रोक्न प्रशासन र आम नागरिकले हातेमालो गरी यसको न्यूनीकरण गर्नुपर्नेमा जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी उपरीक्षक सन्तोष आचार्यले बताए ।

वित्तीय क्षेत्रको ब्याजदर वृद्धिले व्यवसाय क्षेत्रमा सिर्जना गरेको समस्या समाधानका लागि सरकारले पहल नगरेका कारण पछिल्लो समय यहाँका होटल तथा व्यवसाय ओरालो लाग्न थालेको होटल तथा पर्यटन व्यवसायी सङ्घ सिरहाका अध्यक्ष रामकुमार गुप्ता, मदिरा व्यवसायी सङ्घ सिरहाका अध्यक्ष वीरेन्द्र साहलगायतले धारणा राखे ।

# निजगढ वर्कसपमा विस्फोटमा मृत्यु हुनेको संख्या ३ पुग्यो

टुडे समचारदाता

बारा । बाराको निजगढमा ग्यास सिलिण्डर विस्फोटमा परी मृत्यु हुनेको संख्या तीन पुगेको छ भने तीन जना घाइतको उपचार भइरहेको छ ।

निजगढ नगरपालिका ७ मा रेशम मगरले सञ्चालन गरेको रोहित वर्कसपमा ग्याँस वेल्डिङ गर्ने क्रममा सोमबार मध्याह्न विस्फोट भएको थियो । विस्फोटमा परी घाइते भएका वीरगञ्ज -९ का रितु रजतको बयोधा अस्पतालमा उपचारका क्रममा मंगलबार निधन भएको छ ।

वर्कसप सञ्चालक ४५ वर्षका रेशम, भारतका राकेश जैसवाल र वीरगञ्ज -९ का रितु रजतको बयोधा अस्पतालमा उपचारका क्रममै सोमबार नै मृत्यु भएको थियो ।

तीन जना घाइतेको उपचार भने भइरहेको छ । निजगढका सूर्यबहादुर थापाको सामुदायिक प्रसूति गृह अस्पतालमा उपचार भइरहेको छ । वीरगञ्जका फिरोद देवान र भारतका अरविन साहको बयोधामा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

बारा प्रहरीले दिएको जनाकारी अनुसार घटनाको अनुसन्धानका क्रममा कवाडी किन्ने भारतका रमेश जैसवाल र निजगढका टिकाराम पाख्रिनलाई पक्राउ गरिएको छ ।

# अनुचित लेनदेखसम्बन्धी सात सय ७९ उजुरी मिलापत्र

टुडे समाचारदाता

बारा । अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी विवादको समाधान हुने क्रम जारी रहेको छ ।

जिल्ला प्रशासन कार्यालय बारामा परेको सात सय ७९ वटा उजुरीमा मिलापत्र भएको जनाइएको छ ।

०८० वैशाख १७ गतेदेखि जिल्ला प्रशासन कार्यालयमार्फत अनुचित लेनदेनसम्बन्धी उजुरी लिन सुरु गरिएको थियो । जसमा तीन हजार तीन सय २२ वटा उजुरी दर्ता भएका थिए ।

बाराका प्रहरी प्रवक्ता दधीराम न्यौपानेले गत वैशाख




१७ गतेदेखि हालसम्म सात सय ७९ वटा उजुरीमाथि छलफल, समन्वय, सहकार्य गरी मिलापत्र गराइएको जानकारी दिए ।

२३ करोड ९२ लाख ३१ हजार सात सय ८२ रुपैयाँ बराबरको दाबी उजुरी परेकोमा हालसम्म विभिन्न माध्यमबाट सहमति, मिलापत्रमार्फत रु १५ करोड ११ लाख ३७ हजार चार सय ११ रुपैयाँको टुंगो लगाइएको छ ।

# 'ग्लोबल फन्ड'बाट सेभ दी चिल्ड्रेन बाहिरियो

टुडे समाचारदाता

काठमाण्डु । ग्लोबल फन्डको अनुदानमा सञ्चालन हुने एचआईभी र क्षयरोग कार्यक्रमको प्राप्तिकर्ता सेभ दी चिल्ड्रेनलाईनबनाउनेनिर्णयभएको छ ।सोमबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा बसेको सिसिएम (कन्ट्री कोओर्डिनेटिङ मेकानिज्म) को एक सय ३० औं बैठकले ग्लोबल फन्डको सहयोगमा सञ्चालन हुने एचआईभी र क्षयरोगका कार्यक्रमका लागि नेपाल सरकार र गैरसरकारी क्षेत्रबाट संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम( युएनडिपी)लाई प्राप्तिकर्ता (प्रिन्सिपल रेसिपिएन्ट) छान्ने निर्णय गरेको हो ।

एचआईभी, क्षयरोग र मलेरिया कार्यक्रम सञ्चालन गर्न सिसीएमा मार्फत ग्लोबल फन्डले यसअघि नै नेपाल सकार स्वास्थ्य मन्त्रालयलाई प्रमुख प्राप्तकर्ता बनाउनु निर्णय भइसकेको थियो भने गैरसरकारीतर्फ निर्णय हुन बाँकी थियो । सिसीएमका १७ सदस्यमध्ये ११ जनाले एचआईभी र क्षयरोग कार्यक्रम सञ्चालन गर्न गैरसरकारी संस्थातर्फ युएनडीपीलाई प्रिन्सिपल रेसिपिएन्ट (प्राप्तिकर्ता) छान्ने निर्णय गरेका हुन् । मतदानमा चार सदस्य अनुपस्थित थिए भने दुईजनाले विपक्षमा मत हालेका बताइएको छ ।

विसं २०२४ देखि २०२७ सम्म ग्लोबल फन्ड कार्यक्रम सञ्चालन गर्न गैरसरकारीतर्फ प्रस्तावना आह्वान गर्दा सेभ दी चिल्ड्रेन र युएनडीपीलाई छोटो सूचीमा समावेश गरिएको थियो । सोही सूचीलाई आधार मानेर एक सय ३०औं बैठकले मतदानमार्फत निर्णय गरिएको हो ।

अब ग्लोबल फन्डले सिसीएमले गरेको निर्णयका आधारमा नेपाल सरकार, स्वास्थ्य मन्त्रालय र गैरसरकारी संस्थाका रुपमा युएनडीपीलाई प्रिन्सिपल रेसिपिएन्ट (प्राप्तिकर्ता) छान्ने निर्णय गर्ने हो ।

मलेरियाको कार्यक्रम सञ्चालनका लागि ग्लोबल फन्डले नेपाल सरकारलाई प्रिन्सिपल रेसिपिएन्ट बनाउने पहिले नै निर्णय भइसकेको थियो ।

ग्लोबल फन्डले एचआईभी र क्षयरोग कार्यक्रम सञ्चालन गर्न सरकारलाई साझेदार गैरसरकारी संस्थामध्ये सेभ दी चिल्ड्रेन र युएनडीपीमध्ये एकलाई छान्नुपर्ने सर्त राखेको थियो । विगत नौ वर्षदेखि सेभ दी चिल्ड्रेनलाई ग्लोबल फन्डले प्रिन्सिपल रेसिपिएन्टका रुपमा काम गर्दै आइरहेको छ ।

सेभ द चिल्ड्रेनले नै ग्लोबल फन्डबाट प्राप्त गरेको अनुदान रकम एचआईभी, क्षयरोग र मलेरियाका कार्यक्रम एकलौटी ढङ्गले सञ्चालन गर्दै आइरहेको थियो । ग्लोबल फन्डले नेपाललाई दिएको अनुदानमा सेभ दी चिल्ड्रेनले मनपरी गरिरहेको गुनासो बढेपछि मन्त्री मोहनबहादुर बस्नेतले नेपाल सरकार आफैं प्रिन्सिपल रेसिपिएन्ट हुनुपर्ने अडान राखेको मन्त्रीको सचिवालयले जानकारी दिएको छ ।

सिसीएमको अध्यक्षता मन्त्रालयको सचिव हुने व्यवस्था छ । स्वास्थ्य सचिवले गरेको प्रस्तावमा सिसीएमका सदस्यहरुले मतदान गरेको सचिवालयले जनाएको छ । अब यसको विषयमा सिसीएमले छिट्टै ग्लोबल फन्डलाई जानकारी दिने र त्यसकै आधारमा अर्को चरणको ग्लोबल फन्डको सहयोग राशि नेपाल सरकारले प्राप्त गर्नेछ बताइएको छ ।

सन् २०१५ देखि हालसम्म सेभ दी चिल्ड्रेनले ग्लोबल फन्डमार्फत करिब २१ अर्बभन्दा बढी रकम प्राप्त गरिसकेको छ । उक्त अनुदानको सदुपयोग नभएको गुनासो सरोकारवालाको छ । ग्लोबल फन्ड विभिन्न देशमा एड्स, क्षयरोग र मलेरियाजस्ता रोगहरुबाट वर्तमान तथा भावी पिँढीमा हुने प्रभावलाई घटाई मानिसको जीवनरक्षा गर्ने उद्देश्यले गठित एक अन्तर्राष्ट्रिय वित्तीय संयन्त्र हो ।

सेभ दी चिल्ड्रेनले ग्लोबल फन्डको अनुदानमा अनियमितता गरेको गुनासो बढेपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ग्लोबल फन्डको अनुदानको प्रभावकारिता अध्ययन गर्न डा टङ्क बाराकोटीको संयोजकत्वमा कार्य सम्पादन मूल्याङ्कन समिति गठन गरेको थियो । उक्त समितिले पनि सेभ दी चिल्ड्रेनले प्राप्त अनुदानको सही सदुपयोग नगरेको निष्कर्ष निकालेको थियो । अर्को चरणको कार्यक्रम सञ्चालनका लागि ग्लोबल फन्डले नेपाललाई करिब रु ६ अर्ब अनुदान दिनेछ ।

# परराष्ट्र सचिव भारत प्रस्थान

टुडे समाचारदाता

काठमाण्डु । आठौं एसिया इकोनोमिक डाइलगमा भाग लिन परराष्ट्र सचिव सेवा लम्साल मंगलबार भारत प्रस्थान गरेका छन् । यही फागुन १७ देखि १९ गतेसम्म भारतको पुनेमा आयोजना हुने सो कार्यक्रममा परराष्ट्र सचिव लम्साल नेतृत्वको प्रतिनिधिमण्डल उद्धाटन सत्रमा सहभागी हुनेछ ।

भ्रमणका क्रममा सचिव लम्साल नेत्वको प्रतिनिधिमण्डलले भारतका विदेशसचिव विनयमोहन क्वात्रासँग द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।एसियन इकोनोमिक डाइलग वार्षिकरुमपा आयोजना हुने बहुपक्षीय सम्मेलन हो । भारतीय विदेश मन्त्रालय र पुने इन्टरनेसनल सेन्टरले संयुक्तरुपमा सम्मेलनको आयोजना गरेको हो ।

समसामयिक विषयमा छलफल हुने उक्त कार्यक्रममा विभिन्न देशका प्रतिनिधि सहभागी हुनेछन् । कार्यक्रममा सहभागी भई परराष्ट्र सचिव लम्साल यही फागुन १८ गते स्वदेश फर्कने कार्यक्रम छ ।


# पहिलो प्रधानसेनापति बस्न्यातको स्मृति दिवस मनाइयो

टुडे समाचारदाता

काठमाण्डु । नेपाली सेनाका प्रथम प्रधानसेनापति शिवरामसिंह बस्न्यातको दुई सय ७८औं स्मृति दिवस जिहरसिंह पौवास्थित उनको सालिकमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गरी मनाइएको छ ।

बस्न्यातको सम्मानमा जहरसिंह पौवा बजारमाथिको डाँडामा गत वर्ष निर्माण गरिएको पूर्णकदको सालिक परिसरमा विविध कार्यक्रमसहित स्मृति दिवस मनाइको हो । विसं १७७१ मा गोरखामा जन्मिनुभएका शिवरामसिंहले एकीकरण युद्धको क्रममा विसं १८०३ मा साँगाचोकमा वीरगति प्राप्त गरेका थिए ।

कार्यक्रममा पूर्वप्रधानसेनापति राजेन्द्र क्षेत्रीले सालिकमा माल्यार्पण गर्दै आधुनिक नेपालको निर्माण गर्ने एकीकरण अभियानका प्रथम सेनापति साथै सो अभियानमा वीरगति प्राप्त गर्ने पहिलो सेनानायक बस्न्यात नेपाली सेना र सिङ्गो नेपालकै शान भएको भने ।राष्ट्र एकीकरण गर्ने र राष्ट्रलाई विदेशी वैरीहरुबाट जोगाएर राख्ने यी दुई महान् कार्यमा होमिएका वीर पुर्खाहरुको योगदान र बलिदानको सम्मान गर्ने कार्यलाई नेपाली सेनाले सधैं महत्व दिँदै आएको बताउँदै उनले प्रथम प्रधानसेनापति बस्न्यातलाई नेपालीले बिर्सन नहुने र स्वर्णाक्षरले इतिहास लेखिनुपर्ने व्यक्तित्व भएको



उल्लेख गरे ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ सदस्य बाबा बस्नेतले नेपालको इतिहास निर्माणमा चेलीबेटी, बुहारीको पनि ठूलो भूमिका रहेको तर इतिहासमा स्थान नदिइएको भनी गुनासो गर्दै वीराङ्गना शुरप्रभा बस्न्यातको पनि सालिक र सम्मान आवश्यक रहेको बताए । विभूति भक्ति थापा प्रतिष्ठानका अध्यक्ष रोहित थापाले विसं १७७१ देखि १८७२ सम्म एक शताब्दीमा हाम्रा पूर्वजले गरेका ऐतिहासिक कामको सही मूल्याङ्कन हुनु जरुरी छ भन्दै वीर पुर्खाहरुका नाममा स्थापित सबै सङ्घसंस्थाहरुलाई एउटै छानामुनि संस्थागत गर्नु उचित हुने विचार व्यक्त गरे । विभूति बलभद्र कुँवर प्रतिष्ठानका अध्यक्ष प्राडा धनबहादुर कुँवरले पहिलाका राष्ट्र सेवकहरूमा राष्ट्रको लाभ हेर्ने प्रचलन रहेको तर अहिले व्यक्तिगत लाभ हेर्ने प्रवृत्ति मौलाउँदै गएको चर्चा गर्दै सिन्धुलीगढीको लडाइँ युद्धकलाको अनुपम नमूना भएको बताए । शंखरापुर नगरपालिका-३ का अध्यक्ष सूर्यबहादुर तामाङले पुर्खाको खोजीनिती गर्ने कार्यलाई सबैले प्रेरित गर्नुपर्ने बताउँदै जहरसिंह पौवामा राष्ट्र एकीकरण सङ्ग्रहालय स्थापना गर्ने योजना रहेको जानकारी दिए ।

कार्यक्रम आयोजक संस्था श्रीपाली बस्न्यात समाज नेपालका अध्यक्ष पूर्वराजदूत डा निरञ्जन मानसिंह बस्नेतले शंखरापुर नगरपालिकाले उपलब्ध गराएको स्थानमा राष्ट्र एकीकरणमा सहभागी सबै वीर योद्धाहरुको सालिक, हतियार र परिचयसहितको सङ्ग्रहालय बनाइने र कीर्तिपुर मत्स्यगाउँमा पनि राष्ट्र निर्माता पृथ्वीनारायण शाहको सालिक स्थापना गरिने कार्यक्रमबारे जानकारी दिए ।

# गीत-सङ्गीतको क्षेत्रमा आचार्यको योगदान महत्वपूर्ण : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वरिष्ठ गायक तथा सङ्गीतकार भक्तराज आचार्यले दिनुभएको योगदानले गीत-सङ्गीतको क्षेत्रमा लामो समयसम्म उत्प्रेरणा र दिशानिर्देशन गरिरहने बताउनुभएको छ ।

मंगलबार नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान पुगी आचार्यको पार्थिव शरीर श्रद्धाञ्जलि अर्पण गर्नुहुँदै प्रधानमन्त्री दाहालले उहाँको योगदान मुलुकका लागि महत्वपूर्ण रहेको स्मरण गर्नुभयो । उहाँले स्व आचार्यको पार्थिव शरीरमा राष्ट्रिय झण्डा ओढाएर सम्मान गर्नुभएको थियो ।

प्रतिष्ठानमा बिहान ११ बजेदेखि शुभचिन्तक, गीत-सङ्गीत क्षेत्रका व्यक्तित्व तथा कलाकारहरुबाट आचार्यप्रति श्रद्धाञ्जलि अर्पण चलिरहेको छ । उहाँको मंगलबारै पशुपति आर्यघाटमा दाहसंस्कार गरिने छ । भजन शिरोमणि उपाधि पाउनुभएका उहाँको सोमबार ८२ वर्षको उमेरमा निधन भएको



थियो । आचार्यलाई उपचारका लागि ललितपुरको मेडिसिटी अस्पताल लैजाने क्रममा बाटोमै निधन भएको हो । गायक आचार्यका दुई छोरा सत्यराज र स्वरूपराज पनि गीत-सङ्गीत क्षेत्रमै हुनुहुन्छ ।

विसं १९९९ मा धनकुटामा जन्मिनुभएका आचार्यले चार सयभन्दा बढी गीतमा स्वर तथा सङ्गीत दिनुभएको छ । नेपाली सुगम सङ्गीतमा उहाँको महत्वपूर्ण योगदान छ ।रासस

Government of Nepal

**National Examination Board**

**Sanothimi, Bhaktpur, Nepal**

**To WHOM IT MAY CONCERN**

This is certify that Mr./Ms. **HARI KISHAN SINGH** Registration No. **78216050009** of **SHREE CHANDRA JYOTI SECONDARY SCHOOL, MIRCHAIYA-5, SIRAHA** has successfully completed School Leaving Certificate Examination (Grade XII) conducted by The National Examinations Board in the year **2079 (2022)** with Symbol No. **21605487**. His/Her Academic Transcript, Mirgration and Provisional certificates were issued by The National Examinations Board on **2079**. The National Examinations Board has no objection to his/her joining any other institution or university.

**Controller of Examinations**

**नागरिकता हरायो**

निम्न लिखित व्यहोराको नागरिकता तुलसी-३ बाट लालगढ बजार जाने क्रममा मिति २०८०।६।५ गतेमा हराएको हुदा फेला पार्नु हुने व्यक्तिले उल्लेखित ठेगाना, जिल्ला प्रशासन कार्यालय वा नजिकको प्रहरीमा बुझाई दिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नामः टिका माया कार्की**
**बुवाको नामः शेर ब. कार्की**
**बाजेको नामः नर ब. कार्की**
**ठेगानाः बर्दिवास न.पा., महोत्तरी**
**नागरिकता नं.: १८१०७५/२३३**
**जारी मिति : २०६७।५।३१**
**जारी जिल्लाः महोत्तरी**
**मो. नं. ९८१३६७६२६२**

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथुन | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| वृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका- ३ पिपलाडीका किसान ट्रेन्च प्रविधिबाट खेतमा उखु रोप्दै । आधुनिक तरिकाले उखु खेती गरी किसानले मनग्य आम्दानी गरेका छन् ।
*तस्वीर : रासस*

# बर्दिबासमा महोत्सवको माहोल

**टुडे समाचारदाता**

महोत्तरी । यस वर्ष फागुन महिनामा महोत्तरीको बर्दिबासमा महोत्सवको माहोल छ । फागुन पहिलो साता तीनदिने सडक खाना महोत्सव सम्पन्न भएको बर्दिबासमा फागुन चौथो साता आदिवासी जनजाति महोत्सव हुने भएको हो । यही फागुन २४ देखि चैत ४ गतेसम्म नेपाल आदिवासी जनजाति महासङ्घ, महोत्तरी जिल्ला समन्वय परिषद्ले चोथो आदिवासी जनजाति महोत्सव आयोजना गर्न लागेको हो । आदिवासी जनजातिको परम्परा, रीतिथिति, संस्कृति र पहिचानको प्रवर्द्धन महोत्सवको मुख्य ध्येय रहेको महासङ्घ जिल्ला समन्वय परिषद्का अध्यक्ष धननारायण श्रेष्ठ बताउछन् ।



महोत्सवमा जिल्लामा बसोबास गर्दै आएका नौभन्दा बढी आदिवासी जनजाति समुदायले आफ्ना सांस्कृतिक रीतिथिति, वेशभूषा र परम्परागत खाद्य परिकारको परिचय दिनेछन् । यस अवसरमा फरक-फरक समुदायका सांस्कृतिक प्रस्तुति गरिने महासङ्घ जिल्ला समन्वय परिषद्ले जनाएको छ । बर्दिबासमा आयोजना हुने ११ दिने यस महोत्सवमा स्थानीय कृषि उत्पादन, स्थानीय सीपबाट उत्पादित सामग्री र परम्परागत घरपरिवार प्रयोजनका सामग्रीको प्रदर्शनी र बेचबिखनका कक्ष सञ्चालन हुने जनाइएको छ । जिल्लाको हकमा तामाङ, मगर, नेवार, राईसहितका पर्वते र थारू, दनुवार, कुमाल (पर्वते र मधेसी दुवै), धानुक, केवटसहितका आदिवासी जनजातिको महोत्सवमा संयुक्त सहभागिता जनाउनेछन् ।

यस महोत्सवमा परम्परागत परिकार र सांस्कृतिक कार्यक्रमको मज्जा लिन विगतदेखि नै उल्लेख्य संख्यामा दर्शकको सहभागिता हुँदै आएको छ । सिन्धुली, सर्लाही र धनुषासँग जोडिएको र यातायातको सुगमताले बर्दिबासमा यसपालिको चौँथो महोत्सवमा पाँच लाख बढी दर्शक सहभागी हुने महासङ्घले अपेक्षा राखेको छ ।

# 'विश्वविद्यालय थप्ने कि भएकालाई राम्रो बनाउने ?'



**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको मंगलबारको बैठकमा नयाँ विश्वविद्यालय थप्दै जाने कि भएका विश्वविद्यालयलाई गुणस्तरीय र व्यवस्थित बनाउने भन्नेमा सांसदहरूबीच मतान्तर देखिएको छ ।

राष्ट्रियसभामा उत्पत्ति भएको 'नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९' मा प्रतिनिधिसभामा राखिएका संशोधनका विषयमा मंगलबारका लागि राखिएको छलफलमा कतिपय सांसदले नयाँ विश्वविद्यालय आवश्यक हो होइन ? नेपाल विश्वविद्यालय खोल्न सम्भाव्यता अध्ययन भएको छ या छैन ? नयाँ विश्वविद्यालय खोल्दैमा शिक्षाको गुणस्तर बढ्छ ? भन्ने प्रश्न गरेका छन् ।

क ति प य सांसदलेसरकारले आवश्यकता ठानेर विधेयक ल्याएको र राष्ट्रियसभाबाट प्रतिवेदन प्राप्त भइसकेकाले विधेयक आवश्यक छ या छैन भने प्रश्न गर्नु उचित नभएको तर्क गरे । सांसदहरूले युवालाई नेपालमै रोजगारी दिनसक्ने विश्वविद्यालय मात्रै आवश्यकता रहेकामा जोड दिएका थिए ।शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राई, विज्ञहरू, शिक्षा मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि सहभागी बैठकमा विज्ञहरूले नयाँ विश्वविद्यालय खोल्न प्रोत्सहान गर्दा यसले प्रतिस्पर्धा र नयाँपन ल्याउने धारणा राखे ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद रघुजी पन्त र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुमना श्रेष्ठले नयाँ विश्वविद्यालय खोल्नुको औचित्य स्पष्ट भएपछि मात्रै विधेयकमाथि छलफल गर्नु वाञ्छनीय हुने बताए । नेपाली कांग्रेसका जीवन परियार र नेपाल कम्युनिष्ट पाटी (माओवादी केन्द्र)का देवेन्द्र पौडेलले विधेयक प्रस्तुत भइसकेकाले यसको आवश्यकता हो/होइन भनेर विषयान्तर गर्नु उचित नहुने तर्क गरे ।

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीप र रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम जनशक्ति उत्पादन गर्न सो विश्वविद्यालय खोल्न सरकारले प्रस्ताव गरेको हो ।

सो विश्वविद्यालयको पूर्वाधार विकास समितिका अध्यक्ष डा अर्जुन कार्कीले अन्तरविधात्मक अवधारणा (लिवरल आर्ट)सँग सम्बन्धित विधामा गैह्रसरकारी क्षेत्रको सार्वजनिक अध्ययन, अध्ययन तथा अनुसन्धानमार्फत् मुलुकको समृद्धिका लागि टेवा दिन यो विश्वविद्यालय सक्षम हुने विश्वास दिलाए ।

काठमाडौं विश्वविद्यालयको स्कुल अफ एजुकेसनका डिन प्रा डा बालचन्द्र लुईंटेलले कुनै पनि मुलुकको विकास र जनशक्तिको आवश्यकताको मूल्याङ्कनका आधारमा नयाँ विश्वविद्यालय स्थापना हुने बताउँदै विद्यार्थीले खोजेका विषयमा गुणस्तरीय शिक्षा र रोजगारी दिन सकेमा विदेश जानेमध्ये ३० प्रतिशत विद्यार्थी टिकाउन सकिने जनाए ।स्वशासित र स्वायत्त हुने सो विश्वविद्यालयमा नेपाल सरकारको आर्थिक दायित्व नपर्ने विधेयकमा उल्लेख छ । विधेयकमा ३६ सांसदले दिएका संशोधनमाथि आगामी बैठकमा छलफल हुने समितिका सभापति भानुभक्त जोशीले जानकारी दिए ।

# ढिलासुस्ती नगर्न अख्तियारलाई लेखा समितिको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । सार्वजनिक लेखा समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीको अनुसन्धान तथा मुद्दा दायर प्रक्रिय सुस्त भएको जनाउँदै अनुसन्धान र अभियोजनका काममा शीघ्रताका साथ अघि बढाउन निर्देशन दिएको छ । साथै समितिले गैरआर्थिक क्रियाकलापलाई पनि अनुसन्धान गरी कारबाहीको दायरामा ल्याउन आयोगलाई निर्देशन दिएको छ ।

मंगलबारको बैठकमा समितिबाट यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भएका निर्देशनको कार्यान्वयनको अवस्थाका बारेमा छलफल भएको थियो । छलफलका क्रममा समिति सदस्यहरुले आयोगमा वर्षौंदेखिका उजुरी थन्किरहेको र त्यसको अनुसन्धान तथा अभियोजनको प्रक्रिया सुस्त देखिएको भन्दै प्रश्न उठाएका थिए ।

समितिमा छलफलपछि निर्देशन दिँदै सभापति ऋषिकेश पोखरेलले भने, "समितिले विभिन्न मितिमा दिएका कतिपय निर्देशन कार्यान्वयनमा ढिलाइ भएको देखियो । उजुरी फछ्र्यौट, अनियमितता तथा अख्तियारको दुरुपयोगका घटनामाथि आयोगबाट शीघ्र कार्यसम्पादन गर्न/गराउन यो समितिबाट निर्देशन दिने निर्णय भएको छ ।"



अ ख्ति या र दुरुपयोग अनुसन्धान आयोगले गर्ने अनुसन्धानका क्रममा विदेशस्थित विभिन्न सङ्घसंस्था तथा निकायबाट सूचना लिन आवश्यकपर्ने भएकाले त्यसको कानुनी सहजताका लागि पहल थाल्न सरकारलाई समितिले दिर्नेशन दिएको छ । विदेशी कम्पनी तथा निकायबाट सूचना लिन जटिल देखिएका कारण सहजरुपमा सूचना पाउने स्थिति बनाउन सम्बन्धित देशसँग द्विपक्षीय सम्झौता गर्न समितिले सरकारलाई निर्देशन दिएको हो ।

बैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले सार्वजनिक लेखा समितिबाट अख्तियारलाई लेखिपठाएका निर्देशनको कार्यान्वयनको अवस्थाबारे जानकारी गराएका थिए ।

तारागाउँ विकास समितिको जग्गासम्बन्धी विषय अख्तियारमा पुगेकामा अनुसन्धान टुङ्ग्याएर थप कारबाहीका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाइएको उनले जानकारी दिए । नेपाल वायुसेवा निगमको 'वाइडबडी' विमान खरिद प्रकरणको अनुसन्धान अन्तिम चरणमा रहेको उनले बताए । वाइडबडी विमान खरिदका क्रममा भएको आर्थिक अनियमितताबारे अनुसन्धान थाल्दा विदेशस्थित विभिन्न सङ्घसंस्था तथा निकायबाट पनि सूचना प्राप्त गर्नुपर्ने भए पनि सम्बन्धित देशसँग सूचना आदानप्रदानसम्बन्धी द्विदेशीय सम्झौता नभएका कारण त्यसमा समस्या भएको प्रमुख आयुक्त राईले गुनासो गरे ।

सुरक्षण मुद्रण (सेक्युरिटी प्रिन्टिङ प्रेस) खरिद प्रकरण, चमेलिया जलविद्युत् आयोजना, वैज्ञानिक वन व्यवस्थापनसम्बन्धी, प्रिमियम मूल्यमा शेयर जारी गर्न दिने नेपाल धितोपत्र बोर्डको निर्णयविरुद्धको मुद्दालगायत आयोगले गरेका कामकारबाही र जारी अनुसन्धानबारे जानकारी दिएका थिए ।

# 'युवा उद्यमशीलता र नवप्रवर्तन विकासका लागि स्पष्ट नीतिको खाँचो'

**टुडे समाचारदाता**

ललितपुर । युवा उद्यमशीलता विकास र नवप्रवर्तन व्यवसायको प्रवर्द्धनका लागि राज्यले स्पष्ट र प्रोत्साहनमुखी नीति लिनुपर्ने आवश्यकता सरोकारवालाहरूले औंल्याएका छन् ।

नेपाली युवा उद्यमी फोरम र साउथ एसिया लिडरसिप इन इन्टरप्रेनर्सिपको सहकार्यमा मंगलबार यहाँ आयोजना भएको राष्ट्रिय नीति संवाद कार्यक्रमका वक्ताहरुले नवप्रवर्तन र उद्यमशीलता विकासका लागि 'स्टार्टअप इकोसिस्टम' विकास गरिनुपर्ने, भेञ्चर क्यापिटल र प्राइभेट इक्विटी फन्डलाई स्टार्टअप व्यवसायमा लगानी गर्न प्रोत्साहन गर्ने, नवप्रवर्तन र उद्यमशीलता विकासमा विदेशी लगानी प्रोत्साहन गर्नेलगायतका आवश्यकता औंल्याएका हुन् ।

नीति संवाद कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव एकनारायण अर्यालले सरकारले नवप्रवर्तन र युवा उद्यमशीलताका विकासको नीति लिएको भए पनि त्यसमा केही कानुनी र व्यवहारिक अस्पष्टता रहेको बताए । "नवप्रवर्तन र उद्यमशीलता विकासका लागि सरकारले अहिले वातावरण मात्रै बनाउन खोजिरहेको छ । तर यसलाई कहाँ र कसरी लैजाने भनेर सरकारलाई पनि थाहा छैन", सचिव अर्यालले भने, "सोह्रौं आवधिक योजना, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, वार्षिक बजेटमा यो विषय महत्वका साथ राखिनेछ । औद्योगिक व्यवसाय ऐनलाई संशोधन गरेर उद्यमशीलता तथा नवप्रवर्तन व्यवसायलाई पनि समेट्नुपर्ने सुझाव आएको छ ।"

उद्यमशीलता के हो र यसलाई मुलुकको अर्थतन्त्रलाई कसरी योगदान गर्छ भनेर तीनवटै तहका सरकारले बुझ्न र त्यस्ता व्यवसायलाई प्रोत्साहन गर्न आवश्यक रहेको उनले बताए । नेपालले पछिल्लो समय सूचना प्रविधिका क्षेत्रमा निकै राम्रो प्रगति गरिरहेको उल्लेख गर्नुहुँदै हुन नसकेको बताए ।

ठूलो स॰्यामा रोजगारी सिर्जना गरेर युवाहरु विदेशिनेक्रम रोक्नका लागि उद्यमशीलतामैत्री कानुनी र व्यवहारगत संरचना तयार पारिनुपर्ने उनको भनाइ छ । नेपालभित्रै दक्षजनशक्ति तयार पारी उनीहरुलाई उत्पादनका क्षेत्रमा जोड्न सके त्यसलाई मुलुकको अर्थतन्त्रलाई पनि ठूलो योगदान पुऱ्याउने श्रेष्ठ बताउछन् ।

उद्यमीहरुले सरकारबाट के चाहन्छन् भन्ने कुरालाई गम्भीर

> "हामीलाई के चाहिएको छ भन्नेकुरा नीति निर्माताको कानसम्म पुग्न सकेको छैन । युवा उद्यमीका समस्या नीति निर्मातासँग पुग्न सकोस् भन्ने उद्देश्यले यो नीति संवाद कार्यक्रम आयोजना गरिएको हो ।"

सचिव अर्यालले नेपालभित्रै सम्भावना खोज्न पनि युवाहरुलाई आग्रह गरे । युवा उद्यमशीलता तथा नवप्रवर्तन विकासका लागि नीतिगत हस्तक्षेप गर्नुपर्ने तथा यस क्षेत्रमा देखिएका समस्यालाई कानुनको दायरामा ल्याउन आवश्यक रहेको धारणा पनि सचिव अर्यालले राखे ।

त्यस्तै, प्राविधिक शिक्षा जोड दिएर सीप तथा दक्षतायुक्त जनशक्ति निर्माण गर्नुपर्ने र आन्तरिक उत्पादन बढाएर आयात प्रतिस्थापन गर्नुपर्ने पनि उनको भनाइ छ । नेपाली युवा उद्यमी फोरमका वरिष्ठ उपाध्यक्ष कुशल सुन्दर श्रेष्ठले नेपालमा उद्यमशीलता विकासका लागि नीति निर्माणमा पर्याप्त बहस पैरवी रुपमा लिन सके उद्यमशीलता विकास गर्न सकिने धारणा उद्यमी आभूषण ज्योति कंसाकारले राख्नुभयो । "हामीलाई के चाहिएको छ भन्नेकुरा नीति निर्माताको कानसम्म पुग्न सकेको छैन । युवा उद्यमीका समस्या नीति निर्मातासँग पुग्न सकोस् भन्ने उद्देश्यले यो नीति संवाद कार्यक्रम आयोजना गरिएको हो", उनले भने ।

स्टार्टअप इकोसिस्टम' निर्माण, भेञ्चर क्यापिटल र प्राइभेट इक्विटी फन्डलाई स्टार्टअप व्यवसायमा लगानी गर्न प्रोत्साहन, नवप्रवर्तन र उद्यमशीलता विकासमा विदेशी लगानी प्रोत्साहनलगायतका काममा सरकारले सहयोग र सहजीकरण गर्नुपर्ने उनले बताए ।

# भूमि आयोगमा ५० हजार भूमिहीनको निवेदन




**टुडे समाचारदाता**

झापा । राष्ट्रिय भूमि आयोग जिल्ला समिति झापामा ४९ हजार सात सय ५३ भूमिहीनले जग्गा प्राप्तिका लागि निवेदन दर्ता गराएका छन् । सरकारले भूमिहीनलाई जग्गा प्रदान गर्न जारी गरेको सूचनाअनुसार जिल्लाका १५ पालिकाका सुकुम्बासी, भूमिहीन-दलित र अव्यवस्थित बसोबासीले निवेदन दिएका हुन् ।

आयोगका अध्यक्ष तिलक पाण्डेका अनुसार सबैभन्दा बढी अव्यवस्थित बसोबासीले पालिकामार्फत आयोगमा नाम दर्ता गराएका छन् । जिल्लाका १५ पालिकामा दुई वर्षको अवधिमा ३३ हजार ४२७ अव्यवस्थित बसोबासी, १३ हजार पाँच सय ८२ भूमिहीन सुकुम्बासी तथा दुई हजार सात सय ४४ भूमिहीन दलितले निवेदन दर्ता गराएका छन् ।

"अव्यवस्थित बसोवासीलाई पालिकाले नै निस्सा वितरण गर्छ, भूमिहीन दलित र सुकुम्बासीलाई आयोगले लालपुर्जा उपलब्ध गराउँदै आएको छ", अध्यक्ष पाण्डेले भने । हालसम्म भद्रपुर नगरपालिकाले तीन हजार २०, दमकले पाँच हजार ६ सय, बुद्धशान्ति गाउँपालिकाले दुई हजार आठ सय ३०, कनकाई नगरपालिकाले करिब आठ हजार, मेचीनगर नगरपालिकाले १० हजार, कचनकवल गाउँपालिकाले चार हजार पाँच सय र बाह्रदशी गाउँपालिकाले दुई हजार ४० अव्यवस्थित बसोबासीलाई निस्सा वितरण गरिसकेको छ । भूमिहीन दलित र सुकुम्बासीमध्ये हालसम्म एक सय ५७ जनालाई मात्र लालपुर्जा वितरण गरिएको उनले बताए । "शिवसताक्षी नगरपालिका, अर्जुनधारालगायतले पनि निस्सा वितरणको तयारी गरिरहेका छन् । पालिकाले काममा ढिलासुस्ती गर्दा निस्सा वितरणको काम प्रभावित भइरहेको छ", अध्यक्ष पाण्डेले भने ।

आयोगका विज्ञ सदस्य सानुकुमार लामाका अनुसार सरकारले भूमिहीन दलित र सुकुम्बासीलाई सहरी क्षेत्रमा एक सय ३० वर्गमिटर, ग्रामीण क्षेत्रमा तीन सय ४० वर्गमिटर र कृषिका लागि दुई हजार वर्गमिटर जमिन उपलब्ध गराउँदै आएको छ । अव्यवस्थित बसोबासीले भने सम्पत्ति विवरणको आधारमा सरकारले तयार गरेको आठ प्रतिशतदेखि दुई सय प्रतिशतसम्म राजस्व तिरेर निस्सा लिन सक्ने उनले जानकारी दिए ।

# राष्ट्रियसभाको अध्यक्ष छाड्न नहुने माओवादी नेताहरुको धारणा

**टुडे समाचारदाता**


काठमाण्डु । नेकपा (माओवादी केन्द्र)को मंगलबार बसेको स्थायी समितिको बैठकमा धारणा राख्ने अधिकांश नेताले राष्ट्रियसभामा ठूलो दलको हैसियतले अध्यक्ष आफूले लिनुपर्ने धारणा रखेका छन् ।

> आगामी चैत १ गतेदेखि तराई-मधेशमा सञ्चालन गर्न लागिएको अभियानका अलावा पार्टीका अन्य योजनाबारे पनि छलफल भए पनि अन्तिम निर्णय भने मंगलबार नभएको प्रवक्ता सापकोटाले जानकारी दिए ।

बैठकपछि पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा सञ्चारकर्मीसँग कुरा गर्नुहुँदै प्रवक्ता एवम् उपाध्यक्ष अग्निप्रसाद सापकोटाले भने, "अधिकांश स्थायी समिति सदस्यले राष्ट्रियसभाको ठूलो दलको हैसियतले अध्यक्ष छाड्नुहुन्न भन्ने धारणा राख्नुभएको छ ।" यही फागुन २० गतेदेखि राष्ट्रियसभा अध्यक्षको पद रिक्त हुँदैछ ।

बैठकमा मुलुकको पछिल्लो राजनीतिक अवस्था, समसामयिक विषयमा समेत नेताहरुले धारणा राख्नुभएको उनको भनाइ छ । माओवादी केन्द्रले मंगलबारको बैठकबाट नेताहरुको कार्यविभाजन गर्ने बताएको थियो । त्यसबारेमा भने कुनै निर्णय हुनसकेन । कार्य विभाजनका विभिन्न विकल्पबारे छलफल भएको छ । यद्यपि निर्णय भने बुधबार बस्ने बैठकले गर्ने छ । यस्तै, आगामी चैत १ गतेदेखि तराई-मधेशमा सञ्चालन गर्न लागिएको अभियानका अलावा पार्टीका अन्य योजनाबारे पनि छलफल भए पनि अन्तिम निर्णय भने मंगलबार नभएको प्रवक्ता सापकोटाले जानकारी दिए ।

बैठकमा नेपाली कांग्रेसको हालै सम्पन्न महासमिति बैठक, सो बैठकमा पारित भएका प्रतिवेदन र व्यक्त विचारबारे समेत छलफल भएको थियो । बैठक बुधबार बिहान पुनः बस्नेछ । बैठकमा पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सम्बोधन गर्ने कार्यसूची छ । बैठक मंगलबार नै समापन गर्ने तयारी गरिएको भए पनि प्रधानमन्त्रीको कार्यव्यवस्तताका कारण भोलिका लागि सारिएको बताइएको छ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

**सम्पादकीय**

# गाँजा तस्करी रोक

नेपालको पहाडी जिल्लामा भारी परिमाणमा उत्पादन हुने गाँजाको तस्करी भारतमा हुन थालेको छ। एम्बुलेन्स, ट्रक, जिप, मोटरसाइकल र पैदलसमेत तस्करहरुले गाँजा भारतीय क्षेत्रमा पुर्‍याउने गरेका छन्। गाँजा तस्करी बढ्नुको अनेक कारण मध्ये नेपालसित सीमा जोडिएको भारत बिहार राज्यमा मदिरा बन्दी प्रमुख रहेको छ। बिहारमा रक्सीको बेचबिखन र सेवन दुबैलाई सरकारले दण्डनीय कानुन अन्तर्गत राखेपछि धेरै हदसम्म नियन्त्रण भएको छ। रक्सीको सेवन र बेचबिखनमा बिहार सरकारले कडाइ गरेसँगै गाँजाको सेवन गर्नेहरुको संख्यामा बृद्धि भएको छ। नशा सेवन गर्नेहरुले रक्सी खरिद गर्न सक्ने हैसियत गुमाएपछि गाँजातिर आकर्षित भएको बताइन्छ। गाँजाको सेवन गर्नेहरुको संख्या बढ्दा स्वभाविक रुपमा नेपालबाट गाँजा तस्करी हुन थालेको छ। झण्डै एक दशक पूर्व सम्म नेपालको तराई मधेशमा गाँजाको खेती हुने गरेको थियो। सीमावर्ती क्षेत्रमा उत्पादन हुने गाँजा पनि भारतीय भूमिमा तस्करी भएर जाने गरेको थियो। तर नेपाल सरकारले गाँजा नियन्त्रण गर्न चलाएको अभियानको कारण तराई मधेशमा गाँजाको खेती हुँदैन। सुरक्षाकर्मीहरुले तराई मधेशको खेतबारीमा लगाइएको गाँजा फडानी गर्दै आएको छ। तराई मधेशमा गाँजा खेती बन्द भए पछि नेपालको पहाडी जिल्लाहरुमा अहिले भारी परिमाणमा खेती भइरहेको छ। पहाडी जिल्लामा गाँजा खेती फडानीमा सुरक्षाकर्मीहरुले खासै चासो पनि लिदैनन्। पहाडी भू-भागमा उत्पादन हुने गाँजा बिरामी ढुवानी गर्ने एम्बुलेन्स, पेट्रोलियम पदार्थ ढुवानी गर्ने टैंकर, ट्रकलगायतका सवारी साधनबाट भारी परिमाणमा गाँजा तस्करी भइरहेको छ। पछिल्लो पटक नेपाली सुरक्षाकर्मीहरुले ठूलो परिमाणमा गाँजा बरामद गर्न थालेको छ। अहिले बिहार राज्य गाँजाका ठूलो बजार बनेको छ। पहाडी जिल्लाहरुबाट विभिन्न सवारी साधनबाट ल्याइएको गाँजा भारत पठाइन्छ। पहाडी जिल्लाहरुमा गाँजा खेती भएको सुरक्षा निकायहरुलाई पूर्ण जानकारी छ। तर उनीहरुले फडानीमा सकृयता देखाउँदैनन्। सीमामा गाँजाको तस्करी निन्त्रणमा लिने प्रयास जारी छ। जानकारहरुका अनुसार नेपालको भन्दा भारतीय बजारमा धेरै महँगोमा बिक्री हुने गरेको छ। तराई मधेशमा उत्पादन हुने गाँजालाई प्रहरीले फडानी गरे पनि पहाडी क्षेत्रमा गर्न सकेको छैन। पहाडमा उत्पादन भइरहेको गाँजा तस्करी भएर भारत नै गइरहेको छ। भारतबाट अवैध रुपमा लागूऔषध नेपाल आउने गरेको छ। यसलाई नियन्त्रण गर्न सीमा क्षेत्रमा तैनाथ दुबै देशका सुरक्षाकर्मीहरु दत्तचित्त भएर लाग्नुपर्छ।

## मधेशमा महिलाको संख्या घट्दै :

# १५ प्रतिशत पुरुषले विवाहका लागि जोडी नपाउने





शिव नारायण महतो

कुनैपनि समाज वा राष्ट्र निर्माण एवं विकासमा महिला र पुरुष दुवैको महत्वपूर्ण भूमिका हुन्छ। महिला र पुरुषलाई एउटै रथका दुई पांग्राको रुपमा लिने गरिन्छ। कुनै एकको अभावमा अर्काको अस्तित्व समेत रहन सक्दैन। सामाजमा महिला वा पुरुषको संख्यामा हुने ठूलो असमानताले पारिवारिक र सामाजिक बनोट, संरचना र सम्बन्धमा असर पार्नुका साथै सामाजिक र आर्थिक विकासमा समेत नकारात्मक असर पर्दछ। मधेश प्रदेश नेपालको दोस्रो सबैभन्दा बढी जनसत्र्या भएको र क्षेत्रफलको आधारमा सबैभन्दा सानो प्रदेश हो। यस प्रदेशमा १०० भन्दा बढी जातजातिहरु बसोबास गरेकोमा यादव, मुसलमान, तेली, थारु, कुशवाहा/कोइरी, चमार, धानुक जातिका मानिसहरुको बसोबास बढी छन्। यस प्रदेशका अधिकांश मानिसहरु मैथिली, भोजपुरी र नेपाली बोल्ने गर्छन्। यस प्रदेशको प्रमुख आर्थिक क्रियाकलाप कृषि र व्यापार हुन्। भर्खरै सार्वजनिक भएको नेपाल जीवनस्तर सर्वेक्षण चौंथोको नतिजा अनुसार नेपालमा कूल जनसंख्यामध्ये ५९ लाख ६० हजार अर्थात २०.२७% मानिसहरु गरिबी रेखामुनी रहेका छन्। त्यसमध्ये मधेश प्रदेशमा २२.५३% गरिबी रहेका छन्। करिब १५ लाख गरिबी रेखा मुनि रहेका मानिसहरु यस प्रदेशमा बसोबास गर्दछन्। अर्थात मधेश प्रदेशका करिब १५ लाख मानिसहरु गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य र आधारभूत सुविधाहरुबाट बञ्चित रहेका छन्। यहाँका समाजमा परम्परागत संस्कार र संस्कृत्तिको परिपालनामा कडा नियम छन्। अन्तरजातिय विवाह गर्ने जोडीलाई परिवार र समाजबाट बहिस्कार गर्ने चलन अझै कायम रहेको छ। कानुनी रुपमा विवाहको उमेर २० वर्ष कायम भएपनि यस प्रदेशमा अझै धेरै महिलाहरुको बिहे २० वर्ष नपुग्दै हुने गरेको देखिन्छ। यस प्रदेशमा अझै पितृसत्तात्मक सोच कायमै रहेको र वंशीय निरन्तरताका लागि छोरा जन्माउने प्रचलन छ।

परापूर्व कालदेखि प्राकृतिक रुपमा समाजमा महिला र पुरुषको संख्यामा सन्तुलन हुँदै आएकोमा पछिल्लो समयमा समाजमा पुरुषको तुलनामा महिलाको जन्म अनुपात घट्दै गएको देखिन्छ। वैज्ञानिक अनुसन्धानले अन्तर्राष्ट्रिय रुपमा नै जन्म हुँदाको लैंगिक अनुपात १०५ अर्थात प्रति १०० महिलामा १०५ पुरुषको जन्मलाई स्वभाविक मान्दै आएकोमा नेपालमा र विशेषगरी मधेश प्रदेशमा यस अनुपातमा ठूलो विरचण बढ्दै गएको देखिन्छ। पछिल्लो समयमा प्रजनन् उमेरका धेरै महिलाले गर्भजाँच गरेर छोरामात्र जन्माउने, छोरी भए गर्भपतन गराउने प्रवृत्ति बढ्दै गएको देखिन्छ। मधेश प्रदेशमा बढ्दै गएको दाइजो प्रथा, भड्किलो विवाह शैली र महंगो विवाह खर्च, पितृसत्तात्मक समाज, महंगो शिक्षा, स्वास्थ्य एवं जीवनशैली, ढिलो विवाह गर्ने प्रवृत्ति र एक वा दुईमात्रै बच्चा जन्माउने प्रवृत्ति बढ्दै गएकाले महिला भन्दा पुरुषको संख्या बढ्दै गइरहेको छ र यसले सामाजिक सन्तुलनमा समेत असर पार्ने देखिन्छ।

राष्ट्रिय जनगणनाको कतिपय नतिजाले वर्तमान समयको परिदृश्य बताउने गरेको छ भने कतिपय तथ्याङ्कले भविष्यमा हुन सक्ने चुनौतीका बारेमा समयमा जानकारी दिने गर्दछ। राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा जन्म हुँदाको लैंगिक अनुपात ११८ देखिन्छ। यसले जनगणनाको समयभन्दा विगत बाह्र महिनामा १०० महिलाको जन्म हुँदा ११८ पुरुषको जन्म भएको बताउँछ। यसले २० वर्ष पछि हरेक १०० जना पुरुषले विवाहका लागि महिला जोडी पाइराख्दा १८ पुरुषलाई विवाहका लागि महिला जोडी नपाइने स्थिति आउने चुनौती देखिन्छ। मधेश प्रदेशमा जिल्लागत रुपमा हेर्दा सबैभन्दा बढी जन्मदाको लैंगिक अनुपात धनुषामा १३३ रहेको छ भने सिरहामा १२८, सप्तरीमा १२३, महोत्तरी र पर्सामा ११७, सर्लाहीमा ११६ रहेका छन् भने सबैभन्दा कम रौतहट र बारा जिल्लामा १०८ रहेका छन्। यसरी धनुषा, सिरहा र सप्तरीमा जन्ममा लैंगिक अनुपात झनै बढी रहेको देखिन्छ। बालबालिकालाई भोलीका समाज एवं देश विकासका कर्णाधार मानिन्छ। अहिले जन्मेको बच्चा उमेर बढ्दै जाँदा भोलीका दिनमा उसले सामाजिक, आर्थिक विकासमा सक्रिय हुँदा समाजमा प्रभाव पार्ने भएकाले वर्तमान परिदृश्यलाई विश्लेषण गरी समयमै उपयुक्त नीति, योजना र कार्यक्रम बनाउनु पर्छ।




विवाहलाई सामाजिक बन्धन र विश्वव्यापी रुपमा नै सामाजिक आवश्यकता मानेकोमा समाजमा हुने महिला र पुरुषको संख्यामा देखिने असमानताले सामाजमा विभिन्न किसिमका विकृतिहरु समेत निम्तिन सक्ने देखिन्छ। सबै पुरुषहरुले विवाहका लागि महिला जोडी नपाउँदा समाजमा महिला हिँसा, दुर्व्यहार, महिला अपहरण, बलत्कार,वेश्यावृत्तिका घटना बढ्न गइ सामाजिक सम्बन्ध, रहनसहन र संस्कृति माथि नकारात्मक असर पर्ने भएकाले यसलाई सन्तुलनमा ल्याउन समयमै उचित कदम चाल्नु आवश्यक देखिन्छ।

प्रजनन् उमेर समुह (१५-४९ वर्ष) का महिलाको उमेर बढ्दै जाँदा पुरुष बच्चा जन्माउने इच्छा पनि बढ्दै गएको देखिन्छ। मधेश प्रदेशमा प्रजनन् उमेर समुह (१५-१९ वर्ष) उमेर समुहका महिलाले जन्माएका बच्चाको लैंगिक अनुपात १०७ रहेकोमा (४५-४९ वर्ष) समुहका महिलाले जन्माएका बच्चाको लैंगिक अनुपात १३२ रहेको देखिन्छ। ढिला बिहे गर्ने, कम बच्चा जन्माउने र छोरा जन्माउने इच्छाले लैंगिक अनुपात बढ्दै गएको देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशमा रहेको कूल जनसंख्या ६१ लाख १४ हजारमध्ये १० वर्ष र सो भन्दा माथिका जनसंख्या ४७ लाख ७० हजारमा पुरुष २३ लाख ५५ हजार र महिला २४ लाख १४ हजार मध्ये ९ लाख २८ हजार पुरुष र ६ लाख ६६ हजार महिला अविवाहित रहेका छन। त्यसैगरी १० वर्षभन्दा मुनिका जम्मा जनसंख्या १३ लाख ४४ हजारमा पुरुष ७ लाख १० हजार र महिला ६ लाख ३३ हजार छन। यस प्रकार मधेश प्रदेशका कूल जनसंख्यामा २९ लाख ३९ हजार अविवाहित जनसंख्या रहेकोमा १६ लाख ३८ हजार अर्थात ५५.७५ प्रतिशत पुरुष र १३ लाख मात्र अर्थात ४४.२५ प्रतिशत महिला अविवाहित छन्। यसरी अहिले कायम रहेकै जनसंख्यामा ३ लाख ३८ हजार पुरुषले विवाहका लागि महिला जोडी नपाउने देखिन्छ। यसरी अबको २० वर्षपछि प्रत्येक १०० जना महिलाको विवाह हुँदा १५ देखि १८ जना पुरुषले जोडी नभेट्टाउन सक्छन्।

त्यसैगरी विदेशमा बसोबास गर्ने मधेशका अनुपस्थित जनसंख्या ३ लाख ४ हजारमध्ये पुरुष २ लाख ९२ हजार र महिला ११ हजार छन। अनुपस्थित मध्ये २५ वर्ष मुनिका पुरुष १ लाख २७ हजार रहेको र अधिकाशं अविवाहित रहेका छन। आगामी दिनमा यी अनुपस्थित पुरुष यूवाहरु स्वदेश फर्केर विवाह बन्धनमा बाँधिने भएकाले भविष्यमा झनै अविवाहित महिलाको संख्या कम हुने देखिन्छ।

मधेश प्रदेशमा अहिले नै अधिकाशं जातजातिमा पुरुषलाई विवाहका लागि महिला जोडी भेटाउन मुस्किल भएको छ भने जोडी मिले पनि दुलहा र दुलहीको उमेरमा ठूलो असन्तुलन रहेको देखिन्छ। विवाहका लागि पुरुष र महिलाको उमेरमा देखिने ठूला असन्तुलनले दम्पत्ति बीचको सम्बन्धमा समेत नकारात्मक असर पर्ने गरेको देखिन्छ। यस प्रदेशमा अझै अधिकाशं महिलाहरुको बिहे २० वर्ष नपुग्दै हुँदै आएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार गणनाको समयदेखि विगत १२ महिनासम्म जन्मेका कूल ९६,५५७ शिशुहरु मध्ये ८,२४१ अर्थात ८.५% शिशु (१५-१९) वर्ष उमेर समुहका महिलाले जन्माएको देखिन्छ।

अन्त्यमा, मधेश प्रदेशमा बढ्दै गएको जन्म हुँदाका लैंगिक अनुपातलाई नियन्त्रण गरी लैंगिक समानता कायम गर्न र महिला सशक्तिकरणका प्रदेश र स्थानीय सरकारले विगतमा संचालन गरेका " मुख्यमन्त्री बेटी पढाँऊ , बेटी बचाँऊ " लगायतका कार्यक्रमको प्रभावकारीताको मूल्याङ्कन गर्दै महिलालाई शिक्षा एवं रोजगारीमा प्रोत्साहन गर्ने, दाइजो प्रथा अन्त्य गर्ने, लिङ्ग पहिचान गरि हुने भ्रुण हत्यालाई नियन्त्रण गर्न कानुनी प्रावधान गर्ने र यस कार्यमा गैरकानुनी रुपमा संलग्न अस्पताल एवं क्लिनिक र त्यसमा संलग्न डाक्टर वा चिकित्सकलाई कडा कारवाहीको व्यवस्था गर्नु आवश्यक छ। त्यसैगरी लैंगिक समानता सम्बन्धि सामाजिक जनचेतना अभिवृद्दि गर्ने, महिलालाई प्राविधिक शिक्षामा प्राथमिकता दिने, महिलालाई सीपमूलक तालिम दिएर स्वरोजगार बनाउने जस्ता नीति, योजना र कार्यक्रम बनाइ त्यसको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक देखिन्छ। प्रदेश र स्थानीय सरकारले संघीय निकायहरुसंग समेत मधेश प्रदेशमा बढ्दै गएको जन्म हुँदाको लैंगिक अनुपातलाई नियन्त्रण, लैंगिक समानता र महिला सशक्तिकरणका लागि आवश्यक सहकार्य एवं समन्वय गर्नु आजको आवश्यकता रहेको देखिन्छ।

*लेखक, तथ्याक्त कार्यालय उदयपुरमा तथ्याक्त अधिकृत पदमा कार्यरत हुनुहुन्छ।*

# खुला सीमा, बन्द आकाश

त्रिरत्न मानन्धर

गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण थालनीसँगै हौसिएका नेपाली पर्यटन व्यवसायीले तारे होटल तथा रिसोर्टमा लगानी बढाउँदै लगे। हाल सञ्चालनमा रहेका र निर्माण हुँदै गरेका होटल र रिसोर्टको हिसाब गर्ने हो भने नेपालमा कम्तीमा पनि ३० लाख पर्यटक आउनुपर्ने अनुमान गरिन्छ। तर, हालको अवस्थामा नेपालमा ३० लाख पर्यटक ल्याउन सम्भव छ ? तालिका हेरौं।

सन् २०१३ देखि २०२२ सम्म त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट आएका हवाई यात्रु संख्या विश्लेषण गर्दा प्रतिउडान सरदर ३७ प्रतिशत मात्र विदेशी पर्यटक भित्रिएको पाइन्छ। पर्यटक अनुपात यही रहने हो भने नेपालजस्तो भूपरिवेष्टित मुलुकमा हाल सञ्चालनमा रहेका तीनवटै अन्तर्राष्ट्रिय विमानस्थल अपर्याप्त हुनेछ र हामीले निजगढ जस्तो पूर्ण क्षमताको अर्को अन्तर्राष्ट्रिय विमानस्थल निर्माण तुरुन्तै थाल्नुपर्ने देखिन्छ। तर, के नेपालमा पर्यटन प्रवर्द्धनका लागि होटल र रिसोर्ट तथा विमानस्थल मात्र काफी छ त ? गम्भीर समीक्षा हुनुपर्ने देखिएको छ।

वर्तमान स्थितिमा नेपालको उड्डयन र पर्यटनमा दुई ठूला तगारो छन्। पहिलो पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल अभाव र अर्को बन्द आकाश। अब यो विषयमा खुला बहस र चर्चा साथै समाधानका लागि सार्थक पहल हुनु आवश्यक छ।

ठूलो अपेक्षा र उत्साहसाथ सञ्चालनमा आएको पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा आशा गरेअनुसार अन्तर्राष्ट्रिय उडान हुन नसकेपछि अनौपचारिक छलफल क्रममा भारतीय सहयोग अपरिहार्य महसुस गरियो। समाधानको बाटो पहिल्याउने क्रममा अन्य विकल्पभन्दा पनि आवश्यक प्रक्रिया पूरा गरी विमानस्थल व्यवस्थापन र सञ्चालनमा विशिष्टता हासिल गरेका अन्तर्राष्ट्रिय स्तरमै विश्वशनीय भारतीय कम्पनीहरूलाई नै सहभागी गराउन सके बन्द आकाशको समस्या समाधानमा टेवा पुग्ने, विमानस्थल बजारीकरण, प्रवर्द्धन लगायत कार्यहरूमा सहज हुने सम्भावना बारे पनि छलफल चलेको थियो।

यसैबीच सरकारले निजगढ विमानस्थल समेत निर्माण सुनिश्चित गरी काठमाडौं, भैरहवा र पोखरा विमानस्थल विस्तार तथा सञ्चालन समेत सार्वजनिक-निजी साझेदारी मोडेलमा अघि बढाउने बारे गृहकार्य थालनी गरेको र त्यसपछि यस विषयमा भारतको अडानी समूहले चासो देखाएको सन्दर्भ प्रकाशमा आएको छ।

दुई देशबीचको खुला सीमा सुरक्षित हुने तर खुला आकाशबाट सुरक्षा चुनौती बढ्ने यो अनौठो दलिलबाट अब नेपालले बुझ्नुपर्छ कि हाम्रो हवाई सेवामा भारतको चासो प्रत्यक्ष र अप्रत्यक्ष निरन्तर जारी छ। र, सहज निकासको संकेत देखिंदैन।

सम्भवतः उड्डयन र पर्यटनका उल्लेखित अवरोध निराकरणकै लागि सरकारले यो नयाँ प्रस्ताव अघि सारेको हुन सक्छ। तर, सबै अन्तर्राष्ट्रिय विमानस्थल विदेशीलाई सञ्चालन गर्न दिने विषय ज्यादै गम्भीर, संवेदनशील र प्राविधिक विषय समेत भएको हुँदा सबै एक मत हुन सम्भव नहोला साथै यस विषयमा पर्याप्त गृहकार्य पनि उत्तिकै जरुरी होला। तै पनि निजगढ विमानस्थल निर्माण समेत सुनिश्चित गरी कम्तीमा गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्न सके यसकै माध्यमबाट नेपाली हवाई आकाशको समस्या समाधान हुन सक्ने सम्भावनातिर पहल गर्नु मनासिब होला। यसबाहेक विमानस्थल निजी क्षेत्रले सञ्चालन गरे पनि विमानस्थल सुरक्षा, अध्यागमन, भन्सार तथा एयर ट्राफिक सेवा प्रदान गर्ने काम सरकारकै जिम्मेवारीमा हुने सर्वमान्य प्रचलनबारे पनि सरकारले सुसूचित गराउन आवश्यक छ।

### नीतिगत व्यवस्था

नेपालको हवाई नीति २०६३ ले अंगिकार गरेको महत्वपूर्ण पक्ष भनेको हवाई यातायातमा निजी क्षेत्रको प्रवेश हो। निजी क्षेत्रबाट वायुसेवाहरूमा भएको लगानीका कारण देशमा हवाई सेवा सुलभ र सहज भएको निर्विवाद छ। तर हवाई नीतिकै अर्को पक्ष स्वदेशी तथा विदेशी निजी लगानीकर्तालाई विमानस्थल निर्माण, सञ्चालन तथा पूर्वाधार विकासमा प्रोत्साहित गर्ने भन्ने विषय हालसम्म ओझेलमा परेको छ।

### विदेशी सहभागिता

हवाई नीति २०६३ टेकेर सन् २०१२ मा लगानी बोर्डमार्फत निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसँगै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल स्तरोन्नति पनि सँगसँगै लैजानुपर्छ भन्ने ढंगले विदेशी कम्पनी मार्फत काम अगाडि बढाउन खोजिएको थियो। तर, उक्त विषय विवादमा परेपछि बीचैमा टुंगिएको थियो।

यसपालि पनि विमानस्थल जस्तो देशको संवेदनशील पूर्वाधारमा विदेशी सहभागिताको कुरा उठेपछि कोशी, महाकाली, गण्डकजस्तो कैयौं परियोजनामा ठगिए झैं यसमा पनि नेपाल नठगियोस् भनेर जनता सचेत हुनु स्वाभाविक हो।

### भारतीय चासो

सन् २०१० मा बुद्ध एयरले पोखराबाट बनारसी उडान तयारी थाल्दा भारतबाट उपर्युक्त हवाई रुट नपाएकै कारण उडान गर्न सकेन। त्यसपछि बल्ल नेपालले भूपरिवेष्ठित मात्र होइन, हाम्रो मुलुक आकाश परिवेष्ठित पनि रहेछ भन्ने कुरा महसुस गर्‍यो। त्यसपछि नेपालले थप प्रवेश मार्गका लागि निरन्तर प्रयास जारी राखे पनि आजसम्म कुनै परिणाम निस्केन। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको दुई-दुईपल्टको नेपालको औपचारिक भ्रमण र नेपाल तर्फबाट भएका कैयौं उच्चस्तरीय भ्रमणमा पनि केवल चिप्ला मिठा कुरा मात्रै गरी खाली हात फर्काइयो।

२०७२ सालको भूकम्पपछि भारतका तत्कालीन विदेशमन्त्री सुषमा स्वराज काठमाडौं आउँदा काठमाडौं-निजगढ फास्ट ट्र्याक र निजगढ विमानस्थल बनाउनेतर्फ भारतको सहभागिता सहितको सम्भावना खोजिनुपर्छ भनी नेपालको उड्डयन क्षेत्रमा भारतीय चासो स्पष्टसँग व्यक्त गरेको कुरालाई त्यतिबेला हल्का लिइएको थियो। स्वराजको भ्रमण लगत्तै एयरपोर्ट अथोरिटी अफ इन्डियाका अधिकारीहरू नेपाल आएर निजगढ विमानस्थल निर्माणस्थल समेत निरीक्षण गरेका थिए।

हाम्रा सरकार, नेताहरू इमान्दार र देशप्रति बफादार रहने हो भने कसैले बिगार्न सजिलो छैन। सरकारकै कमजोरीका कारण छिमेकीले पनि चलखेल गर्ने अवसर पाउने हो।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को यसअघिको भारत भ्रमणमा पनि थप हवाई नाकासम्बन्धी विषय भारतीय पक्षको सुरक्षा चासोकै कारण अड्किएको भन्ने जानकारीमा आएको थियो। दुई देशबीचको खुला सीमा सुरक्षित हुने तर खुला आकाशबाट सुरक्षा चुनौती बढ्ने यो अनौठो दलिलबाट अब नेपालले बुझ्नुपर्छ कि हाम्रो हवाई सेवामा भारतको चासो प्रत्यक्ष र अप्रत्यक्ष निरन्तर जारी छ। र, सहज निकासको संकेत देखिंदैन।

हालै अडानी समूहको नेपालको अन्तर्राष्ट्रिय विमानस्थलहरू प्रतिको चासोबाट यो अनुमान झन पुष्टि हुन्छ। त्यसैले अब हामीले बुझ्नुपर्ने कुरा के हो भने जबसम्म हामीले छिमेकीको यो चासो सम्बोधन गर्न सक्दैनौं, तबसम्म हामीले जतिसुकै राम्रा पूर्वाधार विकास गरे पनि हामीलाई अघि बढ्न सहज हुँदैन।

### हाम्रो यथार्थ

भन्ने बेला 'रोटी बेटीको सम्बन्ध' को कुरा गर्ने तर मौका पाउनासाथ हदैसम्मको अप्ठेरोमा पार्ने छिमेकी स्वभावका कारण हामी चिन्तित हुनु स्वाभाविक छ। छिमेकीको चासोलाई बेवास्ता गर्दा विविध अप्ठेरोको सम्भावना पनि नकार्न मिल्दैन। त्यसैले हर दृष्टिले धैर्य गर्नु र छिमेकीलाई चित्त बुझाएरै अघि बढ्नुपर्ने बाध्यता छ।

गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सहज सञ्चालन गर्न हामीलाई छिमेकीको सहयोग अपरिहार्य छ। तर, यथास्थितिमा त्यो सहज देखिँदैन। तर, पनि भारतजस्तो विशाल छिमेकीका अगाडि हामीले फूर्ति, घमण्ड र रिस पोख्नुको पनि कुनै तुक छैन। हाम्रा जायज आवश्यकतालाई विल्कुलै नजरअन्दाज गर्ने छिमेकीको नीतिलाई हामीले डटेर प्रतिकार गर्न पनि नसक्ने अवस्थामा अब के गर्ने भन्ने प्रश्न उठ्नु स्वाभाविक छ।

हुन त यी सबै हामीलाई घेरामा पारी आफ्नो छत्रछायामा ल्याउने उपाय हुन सक्ला। तर, हाम्रा सरकार, नेताहरू इमान्दार र देशप्रति बफादार रहने हो भने कसैले बिगार्न सजिलो छैन। सरकारकै कमजोरीका कारण छिमेकीले पनि चलखेल गर्ने अवसर पाउने हो।

### निजीकरणको परिवेश

परम्परागत सरकारी कार्यशैली र कर्मचारीतन्त्र भन्दा विल्कुल अलग निजी क्षेत्रको व्यावसायकिता, उद्यमशीलता, दक्षता, नविनतम प्रविधि र सोचलाई विमानस्थल व्यवस्थापन, सञ्चालन तथा पूर्वाधार विकासमा लगाई यात्रुमैत्री वातावरण सिर्जना र प्रभावकारी सेवा, सुविधा प्रवाह गर्न सफल भएकै कारण विमानस्थलमा निजी लगानीको अवधारणा विश्वभरि लोकप्रिय हुँदै गएको हो।

हङकङ, दोहाको हमाड, नागोया, जुरिच, फ्र्यांकफर्ट, एमस्टर्डम, भियना, कोपनहेगन जस्ता विश्वका ठुल्ठूला अन्तर्राष्ट्रिय विमानस्थलहरू सार्वजनिक-निजी साझेदारी मोडेलमा सञ्चालित छन्। त्यस्तै लन्डन हिथ्रो, जापान नारिटा, कन्साई तथा अस्ट्रेलियाको सिडनीजस्ता अन्तर्राष्ट्रिय विमानस्थल निजी कम्पनीबाट सञ्चालित छन् भन्दा हामीलाई अचम्म लाग्ला।

# स्वर्गीय आचार्य आदर्श व्यक्ति: मन्त्री किराती



**टुडे समाचारदाता**

काठमाण्डु । संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले गीत-सङ्गीतको धरोहर वरिष्ठ गायक तथा सङ्गीतकार भक्तराज आचार्यको निधनले यस क्षेत्रलाई अपूरणीय क्षति पुगेको बताएका छन् ।

मंगलबार नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानमा उहाँप्रति श्रद्धाञ्जलि अर्पणपछि मन्त्री किरातीले भने, "आफ्नो जिन्दगीमा हजारौँ पराजय ब्यहोरेर पनि इतिहासले नबिर्सिने व्यक्तिका रुपमा विजय हासिल गर्नुभएको छ, हामी कहिल्यै उहाँको योगदान भुल्ने छैनौँ ।"

मन्त्री किरातीले स्व आचार्यले जीवन्त गीत गाएर छाड्नुभएको भन्दै उहाँ बाँच्नेहरुका निम्ति आदर्श व्यक्तिका रुपमा रहने बताए । उनले आचार्यका नाममा नेपाल सरकारले केही काम गर्ने प्रतिबद्धता पनि जनाए। उनले भने, "उहाँ र उहाँको लोकप्रिय गीत-सङ्गीतलाई हामी कहिल्यै बिर्सने छैनौँ । उहाँको सच्चा श्रद्धाञ्जलिका निमित्त हामीले धेरै काम गर्नुपर्ने छ । नेपाल सरकार उहाँको योजना र उनले देखेको सपना पूरा गर्न सदैव साथमै छ ।"

आचार्यप्रति श्रद्धाञ्जलि अर्पण गर्दै नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले तीन दशकअघि नै उहाँको गला अवरुद्ध भएको स्मरण गर्दै गाउने मान्छे गाउन नै नपाएपछि कति ठूलो पीडा भयो होला भनेर कल्पना पनि गर्न नसकिने बताए।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका कुलपति निशा शर्माले स्व आचार्यको निधनले नेपाली गीत-सङ्गीत क्षेत्रमा अपूरणीय क्षति पुगेको बताए । श्रद्धाञ्जलि अर्पणपछि अहिले उहाँको पार्थिव शरीरलाई अन्तिम संस्कारका लागि पशुपति आर्यघाट लगिएको छ ।

भजन शिरोमणि उपाधि पाउनुभएका आचार्यको सोमबार ८२ वर्षको उमेरमा निधन भएको थियो। विसं १९९९ मा धनकुटामा जन्मिनुभएका आचार्यको नेपाली सुगम सङ्गीतमा महत्वपूर्ण योगदान छ । आचार्यले करिब चार सय गीतमा आवाज तथा सङ्गीत दिएका छन् । गायक आचार्यका दुई छोरा सत्यराज र स्वरूपराज पनि गीत-सङ्गीत क्षेत्रमै हुनुहुन्छ ।

# कृषिलाई प्राथमिकता नदिएसम्म देश बन्दैन : सांसद प्रेम सुवाल

"नीति कार्यक्रम एउटा हुन्छ, बजेट अर्को देखिन्छ, केही तादाम्यता छैन, प्राथमिकता के हो ? केही थाहा हुँदैन, सरकारमा जाने पार्टीले विकासको प्राथमिकताअनुसार काम गर्नुपर्छ, त्यो जरुरी छ ।"



काठमाण्डु । नेपाल मजदुर किसान पार्टीका तर्फबाट भक्तपुर निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य प्रेम सुवाललाई अर्थतन्त्रको खम्बाका रूपमा रहेको कृषिलाई प्राथमिकता नदिए देश बन्दैन भन्ने लाग्छ।

आफूले पटक-पटक किसान र कृषिजन्य विषयमा सदनमा आवाज उठाउने गरे पनि सुनुवाइ नहुँदा उहाँलाई दुःख महसुस हुन्छ। जनताको प्रतिनिधि सांसदले कृषिलाई प्राथमिकता दिनुपर्ने कुरामा गरेको खबरदारीलाई सरकारले ध्यान नदिएको उहाँको अनुभव छ।

"नेपाल कृषिप्रधान देश हो, कृषि क्षेत्रलाई समृद्ध बनाउन जरुरी छ", सांसद सुवालले भन्नुभयो, "अर्थमन्त्री डा प्रकाशशरण मतहले आगामी बजेटको प्रस्ताव प्रस्तुत गर्दा ऊर्जा, सूचना प्रविधिलाई उच्च महत्व दिइने भनिएको छ, तर कृषिलाई पहिलो प्राथमिकता दिनुपर्ने होइन ? अर्थतन्त्रको बलियो खम्बा भनेको कृषि क्षेत्र भए पनि प्राथमिकता दिएको देखिँदैन, कृषिलाई प्राथमिकता नदिएसम्म देश बन्दैन ।" सांसद सुवाललाई बहुदल र गणतन्त्रमा देशको अर्थतन्त्र अझ कमजोर भएको जस्तो लाग्छ। कृषिलाई उच्च प्राथमिकता दिए अर्थतन्त्रमा सुधार आउनेमात्र होइन, देशबाट युवाको बढ्दो पलायनमा पनि कमी आउने उहाँको भनाइ छ। "रोजगारी सिर्जना गर्ने किसिमका उद्यम, व्यवसायको उत्थान र विकासमा राज्यले पर्याप्त ध्यान दिएको छैन। युवाको विदेश पलायनलाई टुलुटुलु हेरेर बसेको छ राज्य। उनीहरूमा बढेको निराशालाई कसरी सम्बोधन गर्ने भन्ने योजना खोई ?"

सांसद सुवाललाई जनप्रतिनिधिले आफ्ना जनताका साथै देशभरका समस्या र देशको भूमिको रक्षाका लागि बोल्ने गरेको र आफूले उठाएका सवालमा आफ्ना निर्वाचन क्षेत्रका जनता निकै खुसी भएको लाग्छ । "मेरा मतदाता मसँग खुसी छन् । मैले मतदाता र देशभरका जनताको समस्याका कुरा उठाउने गर्छु", सांसद सुवालले भन्नुभयो, "नेपाली जनताको समस्या एउटै हो, जनताको प्रतिनिधि भएर जनताको सवाल, दुःखमा साथ दिनुपर्छ।"

सदनमा जनताको आवाज बोल्नुपर्छ भन्ने उहाँलाई लाग्छ । "प्रतिनिधिसभाको सदस्य भनेको जनताको प्रतिनिधि हो, जनताले चुनेर पठाएको हो, समस्यामा साथ दिन पठाएका हुन्", नेता सुवालले भन्नुभयो, "जनताको प्रतिनिधिले जनताका समस्याको विषय शिक्षा, स्वास्थ्य, रोजगारी, विकास निर्माण आदिका बारेमा सवाल राख्छन्, सम्बन्धित मन्त्रीले स्पष्ट जवाफ दिनुपर्छ।"

सांसद सुवाललाई संसद्मा आकस्मिक समय, शून्य समय, विशेष समय वा समय माग गरेर कुरा राखिएको कुरालाई सरकारका जिम्मेवार निकायले ध्यान नदिने गरेकोप्रति दुःख लाग्छ । संसदीय अभ्यास नै कमजोर भएको जस्तो लाग्छ । "जनताको प्रतिनिधिले जनताको प्रत्यक्ष सरोकारका सवाल लिएर सदनमा आउँछौँ, तर सम्बन्धित मन्त्रीबाट उत्तर नै आउँदैन, यो संसदीय अभ्यास नै गलत भयो", सांसद सुवालले भन्नुभयो, "सदन संसदीय व्यवस्थानुसार चलेन, सत्तापक्ष र प्रतिपक्षबीच भागबण्डामात्रै भयो।"

देशमा फरक राजनीतिक दल र विचारधारा भए पनि मुलुकको आर्थिक नीति र विदेश मामिलामा सबैको सोच एउटै भएकोप्रति अनौठो लाग्छ। "प्रजातन्त्रवादी विचार राख्ने र कम्युनिष्ट विचार राख्नेको अर्थतन्त्रको आधार एउटै कसरी हुनसक्छ ?" प्रश्नको शैलीमा उहाँले भन्नुभयो, "संसारमा फरक छ, तर त्यस्तो नेपालमा भएन, आज अर्थमन्त्री डा महतले आगामी आवको बजेट प्रस्तावमा निजीकरणलाई नै प्राथमिकता दिनुभयो ।" उहाँलाई अर्थतन्त्रमा कांग्रेस, एमाले र माओवादीको केही फरक धारणा नभएको जस्तो लाग्छ। उहाँले थप्नुभयो, "विदेशी पुँजी ल्याउने र देशलाई कमजोर बनाउने, सबैको नीति यस्तै छ, विदेश मामिलामा पनि उस्तै छ, नेपाल भारतको खुला सिमाना जनताले दुःख पाइरहेका छन्, मिचिएको भूमिको नक्सा सच्चियो तर कार्यान्वयनमा आएन।"

नेमकिपालाई सत्तामोह नभएको र देश तथा जनताको रक्षाका लागि काम गर्ने उहाँको भनाइ छ। "प्रखर प्रतिपक्ष हो हाम्रो पार्टी । सरकारमा गएकालाई गल्ती नगर्नु भनेर खबरदारी गर्छौं, हामीलाई सत्तामोह छैन, देश र जनताको हितविपरीत नलाग्नु भनेर सत्ताधारीलाई सचेत गराउँछौँ", संसद्मा सदा सक्रिय भूमिका निर्वाह गर्ने सांसद सुवालले भन्नुभयो, "बारम्बार कुरा उठाइरहेका छौँ, प्रजातन्त्र भनेको बाघ र बाख्रा एउटै खोरमा राख्नेजस्तो हुनु हुँदैन, बाघ र बाख्रालाई एउटै खोरमा राख्दा त बाघले खाइहाल्छ नि।"

कुराकानी गर्दा उहाँमा पटक-पटक संसद्मा उठाएका विषयलाई सम्बन्धित निकायले ध्यान नदिएकोप्रति आक्रोश थियो। "जनताको प्रतिनिधिको कुरा किन सुनुवाइ हुँदैन ? अहिले संसदीय व्यवस्थानुसार संसद् चलेकोजस्तो मलाई लाग्दैन। देशको नेतृत्व गर्नेसँग देश विकासको खाका नै भएन", सांसद सुवालले भन्नुभयो, "नीति कार्यक्रम एउटा हुन्छ, बजेट अर्को देखिन्छ, केही तादाम्यता छैन, प्राथमिकता के हो ? केही थाहा हुँदैन, सरकारमा जाने पार्टीले विकासको प्राथमिकताअनुसार काम गर्नुपर्छ, त्यो जरुरी छ।"

सांसद सुवाल २०१७ साल असार ५ गते आमा चन्द्रमाया सुवाल र बुवा हरिभक्त सुवालको सन्तानका रूपमा जन्मिनुभएको थियो । व्यवस्थापनमा स्नातकोत्तरसम्मको अध्ययन गर्नुभएका नेता सुवाल भक्तपुर निर्वाचन क्षेत्र नं १ बाट प्रत्यक्षबाट निर्वाचित सांसद हुनुहुन्छ।

साधारण किसान परिवारमा जन्मनुभएका सांसद सुवाल मार्क्सवादी दर्शनअनुसारको समाजवाद र साम्यवादबाट सम्पूर्ण मानवजातिको हित हुने निष्कर्षसहित २०३८/३९ सालमा नेपाल मजदुर किसान पार्टीको सदस्य हुनुभएको थियो । विसं २०३४/३५ मा कोपिलाको सम्पादन र प्रकाशनको काममा समेत उहाँ सक्रिय हुनुहुन्थ्यो । विसं २०३९ मा तत्कालीन भक्तपुर नगरपालिकाको सदस्यमा निर्वाचित हुनुभएको थियो भने २०४४ सालमा पुनः वडाध्यक्षमा निर्वाचित हुनुभएको थियो।

नेपाल मजदुर किसान पार्टीविरुद्ध पञ्चायती राज्यसत्ताको षड्यन्त्र भक्तपुर काण्डको २०४५ भदौ ९ देखि २०४७ वैशाख ५ गतेसम्म २० महिना भूमिगत रहेर उहाँले राजनीति गर्नुभएको थियो । जनआन्दोलनको बेला २०६२ माघ २० गते मध्यरातित तत्कालीन सरकारको प्रशासनद्वारा घरैबाट पक्राउ परेको र तीन महिना प्रहरी हिरासतमा बस्नुभएको थियो। विसं २०५४ मा भक्तपुर नगरपालिकाको प्रमुखमा निर्वाचित हुनुभयो। उहाँ संविधानसभा सदस्य २०७०, प्रतिनिधिसभा सदस्य २०७४ र २०७९ मा निर्वाचित हुनुभएको थियो।

नेता सुवालले चीन, दक्षिण कोरिया, श्रीलङ्का, बेलायत, इटाली, अमेरिका, दक्षिण अफ्रिका भ्रमण गर्नुभएको छ। धेरै देशको विकासको नमूना हेर्नुभएको छ । उहाँलाई नेपाल र नेपाली जनताको जीवनस्तरमा सुधार आउन नसकेकामा दुःख छ।

# सूचना प्रविधि क्षेत्रका परियोजना तयार गर्न निजी क्षेत्रलाई मन्त्री शर्माको आग्रह



**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले आगामी वैशाखमा हुने भनिएको लगानी सम्मेलनका लागि सूचना प्रविधि क्षेत्रका परियोजनामा तयारी गर्न निजी क्षेत्रलाई आग्रह गरेकी छन् ।

नेपाल उद्योग परिसङ्घको सूचना प्रविधि परिषद्, अमेरिकन चेम्बर अफ कमर्स नेपाल र नेपाल एशोसियशन फर सफ्टवेयर एण्ड आइटी सर्भिसेज कम्पनीका पदाधिकारीसँग मंगलबार भएको भेटमा उनले यस्तो आग्रह गरेकी हुन् ।

लगानी सम्मेलनमा अन्य क्षेत्रको जस्तै सूचना प्रविधि क्षेत्रको लगानी प्रस्तुत गर्न आवश्यक रहेकाले आवश्यक परियोजना भए लिएर आउन आग्रह गर्दै मन्त्री शर्माले सूचना प्रविधि क्षेत्रमा परियोजना बैंक बनाउनुपर्ने बताईन् । उनले सरकारको नीति तथा कार्यक्रम र बजेटका सवालमा पनि सूचना प्रविधिमा के गर्न सकिन्छ सरकारलाई लिखित सुझाव दिन निजी क्षेत्रलाई आग्रह गरिन् ।

डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरेदेखि नै डिजिटल रुपान्तरणलाई रणनीतिको रुपमा राखिए पनि नेपालमा सूचना प्रविधिलाई साझा दृष्टिकोण नै बन्न नसकेकाले यसमा आवश्यक लगानीको वातावरण नबनेको उल्लेख गर्दै मन्त्री शर्माले सरकारी, निजी क्षेत्र र जनस्तर सबैतिर सूचना प्रविधिप्रतिको साझा बुझाइ आवश्यक रहेको बताईन् ।

"अब सूचना प्रविधि क्षेत्रमा लगानीकर्ता र जनशक्तिको पहिचान गर्न ढिलाइ गर्नुहुँदैन", उनले भनिन्, "डिजिटल रुपान्तरणको माध्यमबाट मुलुकको समृद्धि कायम गर्न निजी क्षेत्रले सहयोग गर्न आवश्यक छ ।" निजी क्षेत्रले लगानी गर्दा आफ्नो मुनाफा हेर्नु स्वभाविक भए पनि अर्थतन्त्र चलायमान बनाउने र रोजगारी सिर्जना गर्नेतिर बढी ध्यान केन्द्रित गर्न आवश्यक रहेको उनले स्पष्ट गरिन् । सरकार सूचना प्रविधि र साइबर सुरक्षालगायतका आवश्यक कानुन निर्माणको प्रक्रियामा रहेको पनि उनले जानकारी दिईन् ।

> "अब सूचना प्रविधि क्षेत्रमा लगानीकर्ता र जनशक्तिकोपहिचान गर्नढिलाइ गर्नुहुँदैन,"उनले भनिन्, "डिजिटल रुपान्तरणको माध्यमबाट मुलुकको समृद्धि कायम गर्न निजी क्षेत्रले सहयोग गर्न आवश्यक छ ।"

छलफलमा नेपाल उद्योग परिसङ्घको सूचना प्रविधि परिषद्, अमेरिकन चेम्बर अफ कमर्स नेपाल र नेपाल एशोसियशन फर सफ्टवेयर एण्ड आइटी सर्भिसेज कम्पनीका पदाधिकारीहरुले नेपालमा ठूला लगानीकर्ताले सूचना प्रविधि क्षेत्रमा लगानी गर्ने वातावरण बनाउनुपर्ने बताएका थिए ।

नेपालमा सूचना प्रविधिको राम्रो सम्भावना भएकाले सरकारले कानुन र पूर्वाधार निर्माणमा ध्यान दिनुपर्ने उल्लेख गर्दै उनीहरुले निजी क्षेत्र सहकार्य गर्न तयार रहेको बताएका थिए । पछिल्लो समय सरकारले सूचना प्रविधि क्षेत्रमा राम्रो पहल अघि बढाए पनि सूचना प्रविधि, स्टार्टअपलगायतका क्षेत्रमा सरकारी निकायबीच नै साझा बुझाइ आवश्यक रहेको बताईन् ।



## Invitation for Sealed Quotation and NCB

**Madhesh Province Government**

**Ministry of Health and Population**

**Province Health Logistic Management Center**

**Date of Publication: 28 February 2024**

1. The Province Health Logistic Management Center, Madhesh Province invites sealed quotations and NCB from registered Suppliers for the procurement of Medicines.
2. Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at PPMO website www.bolpatra.gov.np
3. Eligible Bidders may apply uponpayment of a non-refundable fee Mentioned below till 14-03-2024 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   - i. **Name of the Bank :** RastriyaBanijya Bank Ltd.
   - ii. **Name of Office :** Province Health Logistic Management Center, Madhesh Province
   - iii. **Office Code no :** 3500717012
   - iv. **Revenue Account No :** 1000100200010000
   - v. **Rajaswa (revenue) Shirshak No :** 14229
5. Sealed bids must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp on or before 14-03-2024 12:00. Bids receivedafter this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14-03-2024 14:00 at the office ofProvince Health Logistic Management Center, Madhesh Province, Janakpurdham, Dhanusha, Nepal. Bids must be valid for a period of mentioned below days after bid opening and must be accompanied by a bid security amounting to below mentioned, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[1220100202030000] at [Rastriya Banijya Bank Ltd. , Janakpurdham, Dhanusha] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered asthe last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bidsubmission
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning anyreason, whatsoever.

| IFB No. | IFB Name | Bid Security | Bid Fee | Bid Validity Period | Last day of Bid Submission |
|---|---|---|---|---|---|
| MP/PHLMC/SQ/ GOODS-14/2080-81 | The Procurement of Medicine for Mental Disease | 55,000/- | 1000/- | 75 days | 14-03-2024 |
| MP/PHLMC/SQ/ GOODS-15/2080-81 | The Procurement of Medicine for NCD and Mental Disease | 135,000/- | 1000/- | 75 days | 14-03-2024 |
| Re_MP/PHLMC/NCB/ GOODS-4/2080-81 | The Procurement of Basic and Emergency Medicines (Small Volume Parenteral Dosages form) | 610,000/- | 5000/- | 120 days | 14-03-2024 |
| Re_MP/PHLMC/SQ/ GOODS-6.3/2080-81 | The Procurement of Injection items for IMNCI Programme | 20,000/- | 1000/- | 75 days | 14-03-2024 |

**Note:** Bid Addendum is done in IFB No.: MP/PHLMC/NCB/GOODS-10/2080-081
The Procurement and Delivery of Mortuary Refrigerator

**(Director)**

# सन् २०३५ सम्ममा भारतसँग अन्तरिक्षमा आफ्नो स्टेसन हुनेछ- प्रधानमन्त्री मोदी

एएनआई

तिरुवनन्तपुरम । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मङ्गलबार सन् २०३५ सम्म मुलुकसँग आफ्नो अन्तरिक्ष स्टेसन हुने र यसले त्यहाँको अज्ञात विस्तारको अध्ययनमा सहयोग गर्ने बताउनुभएको छ।

तिरुवनन्तपुरममा विक्रम साराभाई अन्तरिक्ष केन्द्र (भिएसएससी) मा एक भेलालाई सम्बोधन गर्दै उहाँले भारतीय अन्तरिक्ष यात्री आफ्नै रकेटबाट चन्द्रमाको सतहमा अवतरण हुने बताउनुभयो । "सन् २०३५ सम्ममा भारतसँग अन्तरिक्षमा आफ्नै अन्तरिक्ष स्टेसन हुनेछ, यसले हामीलाई अन्तरिक्षको अज्ञात विस्तारको अध्ययनमा सहयोग गर्नेछ, अमृत कालको यो अवधिमा भारतीय अन्तरिक्ष यात्री हाम्रो आफ्नै रकेटमा चन्द्रमाको



सतहमा अवतरण गर्नेछन्", उहाँले भन्नुभयो । प्रधानमन्त्री मोदीले २१औँ शताब्दीमा भारत एउटा गतिशील वैश्विक खेलाडीका रूपमा उदाइरहेको बताउनुभयो । "२१औँ शताब्दीको भारतले आज आफ्नो क्षमताबाट विश्वलाई चकित बनाइरहेको छ, विगत १० वर्षमा हामीले करिब चार सय भू-उपग्रह प्रक्षेपण गरेका छौँ, त्योभन्दा १० वर्षअघि ३३ भू-उपग्रह मात्र प्रक्षेपण गरिएको थियो", उहाँले भन्नुभयो । उहाँले गगनयान मिसनमा प्रयोग गरिएका उपकरण अधिकांश भारतमा बनेकामा खुशी प्रकट गर्नुभयो । "गगनयानमा प्रयोग गरिएका अधिकांश उपकरण भारतमा बनेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ, यो कस्तो ठूलो संयोग हो कि भारत विश्वको शीर्ष तीन अर्थतन्त्र बन्नका लागि अगाडि बढिरहेको छ, यही समयमा भारतको गगनयान पनि छ जसले हाम्रो अन्तरिक्ष क्षेत्रलाई नयाँ उचाइमा लैजाँदैछ", उहाँले भन्नुभयो।

प्रधानमन्त्री मोदीले सन् २०२४-२५ मा प्रक्षेपण हुने भारतको पहिलो मानव अन्तरिक्ष उडान गगनयान कार्यक्रम योजनाको हिस्सा हुने चार अन्तरिक्ष यात्रीको नाम पनि घोषणा गर्नुभयो । तिनीहरूमा भारतीय वायुसेनाबाट छानिएका चार पाइलट समूह क्याप्टेन प्रशान्त नायर, समूह क्याप्टेन अजीत कृष्णन, समूह क्याप्टेन अङ्गद प्रताप र विङ कमान्डर शुभांशु शुक्ला हुनुहुन्छ । चारै अन्तरिक्ष यात्रीलाई रुसको युरी गागारिन कस्मोनट ट्रेनिङ सेन्टरमा प्रशिक्षित गरिएको थियो।

## इजराइली कब्जाबारे सुनुवाइ पूरा

सिन्ह्वा

दि हेग। अन्तर्राष्ट्रिय अदालत (आइसिजे) ले सोमबार प्यालेस्टिनी क्षेत्रमा इजराइली कब्जाको कानूनी परिणामबारे सार्वजनिक सुनुवाइ पूरा गरी यसबारे छलफल सुरु गरेको छ। आइसिजेका अध्यक्ष नवाफ सलामले आफ्नो समापन टिप्पणीमा सार्वजनिक बैठकमा सल्लाहकार राय पठाइने र यसको मितिको घोषणा उचित समयमा गरिने जानकारी दिनुभयो।


आगामी वर्ष वा सम्भवतः यसै वर्षको अन्त्यमा फैसला आउने अपेक्षा गरिएको छ।राष्ट्रसङ्घीय महासभाले अनुरोध गरेको सुनुवाइमा प्यालेस्टिन, राष्ट्रसङ्घका ४९ मुलुक र तीन अन्तर्राष्ट्रिय सङ्गठनले मौखिक बयान प्रस्तुत गरेको आइसिजेले सोमबार प्रेस विज्ञप्तिमा जनाएको छ।

गत सोमबारदेखि सुनुवाइमा भाग नलिई इजराइली प्रधानमन्त्री कार्यालयले विज्ञप्ति जारी गरी इजराइलको अस्तित्व र आत्मरक्षाको अधिकारलाई थप कमजोर बनाउने प्रयास गरेको आरोप लगाउँदै सुनुवाइको वैधानिकतालाई अस्वीकार गरेको छ।प्यालेस्टिनको बयानसँगै सुनुवाइ सुरु भएको हो।

प्यालेस्टिनी विदेशमन्त्री रियाद अल-मलिकीले धेरै प्यालेस्टिनीको हत्या भएको वा उनीहरूलाई शरणार्थी बन्न बाध्य पारिएको र आफ्नो भूमि तथा घरमा फर्किने अधिकारबाट वञ्चित गरिएको भन्दै अन्तर्राष्ट्रिय कानूनअन्तर्गत इजराइलले तुरुन्त र बिनाशर्त उसको 'अवैध' कब्जालाई अन्त्य गर्नुपर्ने बताउनुभयो।

राष्ट्रसङ्घका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले आइसिजेले आफ्नो फैसलामा कब्जाको तत्काल अन्त्य गर्न र 'न्यायसङ्गत र स्थायी शान्ति' हासिल गर्न मार्ग प्रशस्त हुनेगरी इजराइलले प्यालेस्टिनी क्षेत्रमा गरेको कब्जा अवैध हो भनी घोषणा गर्नुपर्ने बताउनुभयो।

# नेपाल नामिबियासँग पराजित



टुडे समाचारदाता

काठमाण्डु । त्रिकोणात्मक अन्तर्राष्ट्रिय ट्वान्टी २० शृंखलाको पहिलो खेलमा नेपाल नामिबियासँग २० रनले पराजित भएको छ।

जितका लागि नामिबियाले प्रस्तुत गरेको दुई सय सात रनको लक्ष्य पच्छ्याउनेक्रममा नेपाल १८ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउदै एक सय ८६ रनमा समेटियो । सुरुआती ब्याटिङ कमजोर रहेको नेपालले मध्यक्रममा भने केही सम्हालिएर ब्याटिङ गरे पनि जित निकाल्न भने सकेन।

नेपालका लागि दीपेन्द्रसिंह ऐरीले ३२ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक ४८ रन बनाए । त्यसैगरी कप्तान रोहितकुमार पौडेलले ४२ रन बनाए। उनले तीन चौका र तीन छक्का प्रहार गरे ।तेस्रो विकेटका लागि कप्तान पौडेल र कुशल मल्लले २८ बलमा ५७ रनको उत्कृष्ट साझेदारी गरेका थिए । मल्लले ३२ रन बनाए। त्यस्तै गुलशन झाले १२ रन बनाए भने आसिफ शेख र विवेक यादवले समानले छ/छ रन जोडे। सन्दीप जोराले पाँच रन बनाए।

नामिबियाका रुबेन ट्रम्पलम्यानले चार विकेट लिए भने बर्नार्ड स्कोलज, निकोल लोपफटी इटन र जान फ्रिलिङकले समान दुई/दुई विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा अहिले भइरहेको खेलमा टस जितेर पहिले ब्याटिङ राजेको नामिबियाले निर्धारित २० ओभरमा चार विकेट गुमाउदै दुई सय ६ रनको योगफल बनाएको थियो।

नामिबियाका लागि जान निकोल लेफिट इटनले उत्कृष्ट ब्याटिङ गर्दै शतक प्रहार गरे । उनले ३६ बलमा ११ चौका र आठ छक्काको मद्धतमा सर्वाधिक एक सय एक रनको योगदान दिए। इटनले नेपालका कुशल मल्लको नाममा रहेको कीर्तिमानी पनि तोडेका छन् । उनले ३३ बलमै शतक पूरा गरे। यसअघि मल्लले सन् २०२३ मा भएको १९औँ एसियाली खेलकुद प्रतियोगितामा मङ्गोलियाविरुद्धको खेलमा ३४ बलमा शतक प्रहार गर्दै कीर्तिमानी कायम गरेका थिए।

त्यसैगरी मलना क्रुगरले ४८ बलमा छ चौका र दुई छक्काको मद्धतमा अविजित ५९ रन बनाए। त्यस्तै माइकल भान लिङ्गेनले २० रन बनाउदा जेपी कोट्जेले ११ रन तथा कप्तान जेजे स्मितले अविजित एक रन जोडे।

बलिङतर्फ नेपालका कप्तान रोहित पौडेलले दुई विकेट लिए भने करण केसी र अभिनास बोहोराले समान एक/एक विकेट लिए । जारी प्रतियोगितामा बुधबार नेपाल र नेदरल्याण्डबीच विहान ११:३० बजे प्रतिस्पर्धा हुनेछ।

# युक्रेनमा सेना पठाउने कल्पना नगरेको स्विडेनको भनाइ

एएफपी

स्टकहोम। नाटोमा सामेल हुन तयार रहेको स्विडेनले अहिले नै युक्रेनमा स्थल सेना पठाउने कल्पना नगरेको मङ्गलबार बताएको छ। आफ्नो मुलुकले ट्रान्सएट्लान्टिक सैन्य गठबन्धन (नाटो) मा सामेल हुनका लागि अन्तिम अवरोध पार गरेको एक दिनपछि प्रधानमन्त्री उल्फ क्रिस्टरसनले स्विडिस सार्वजनिक प्रसारक एसभिटीलाई भन्नुभयो, "यो अहिले बिल्कुल सम्भव छैन ।"पश्चिमी नेताहरूले युक्रेनलाई रुसी आक्रमणकारी सेनालाई परास्त गर्न सहयोग गर्नका लागि स्थल सेना पठाउन अस्वीकार गर्नु हुँदैन भनी फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोनले सोमबार दिनुभएको टिप्पणीप्रति प्रधानमन्त्री क्रिस्टरसनले उक्त प्रतिक्रिया दिनुभएको हो। "अहिले हामी युक्रेनलाई उन्नत (सैन्य) उपकरण पठाउन व्यस्त छौँ", उहाँले भन्नुभयो। स्टकहोमले युक्रेनलाई सात अर्ब १० करोड क्रोनर (६८ करोड २० लाख अमेरिकी डलर) को रक्षा सहयोग गर्ने फेब्रुअरी २० मा घोषणा गरेको थियो । यसमा तोपखाना गोला, हवाई रक्षा, डुङ्गाहरू, खानीहरू, टर्पेडो र युक्रेनी सेनालाई प्रशिक्षण समावेश छ।

किएभले अहिले आफ्नो तेस्रो वर्षमा रुसी आक्रमणविरुद्ध स्वयंलाई बचाउनका



लागि आफूसँग हतियारको निकै अभाव भएको बताएको छ। पश्चिमी स्थल सेनाका लागि युक्रेनबाट अहिले 'कुनै माग नभएको' प्रधानमन्त्री क्रिस्टरसनले बताउनुभयो। उहाँले भिन्न-भिन्न नाटो सदस्यहरूको अन्तर्राष्ट्रिय मामिलामा संलग्न हुने फरक-फरक दृष्टिकोण रहेको भन्दै फ्रान्सेली परम्परा स्विडेनी परम्परा समान नभएको बताउनुभयो। स्विडेनले अन्तर ाष्ट्रिय शान्ति सेनामा योगदान गर्दछ तर दुई शताब्दीभन्दा अघि नर्वेसँग भएको युद्धपछि कुनै पनि युद्धमा संलग्न भएको छैन।

सन् २०२२ फेब्रुअरी २२ मा युक्रेनमाथि रुसको आक्रमणले स्विडेन र छिमेकी फिनल्यान्डलाई नाटोमा सामेल हुनका लागि आवेदन दिन प्रेरित गर्यो। यसबाट असंलग्नताको लामो समयदेखि उसको अडान समाप्त भयो । सोमबार हङ्गेरीको संसद्ले स्टकहोमको नाटोमा सामेल हुने प्रस्तावलाई अनुमोदन गरेपछि स्विडेनले नाटोको ३२औँ सदस्य बन्ने आफ्नो अन्तिम अवरोधलाई पार गरेको छ।

# अमेरिकाको नजर आगामी सातासम्ममा इजराइल-हमास युद्धविरामतिर

एएफपी

गाजापट्टी। अमेरिकी राष्ट्रपति जो बाइडेनले इजराइल र हमासबीच नयाँ युद्धविराम सोमबारदेखि सुरु हुनसक्ने बताउनुभएको छ। उक्त सम्झौतामा कयौँ सय प्यालेस्टिनी बन्दीको बदलामा गाजामा राखिएका दर्जनौँ बन्धकहरूलाई मुक्त गर्न सकिने छ।

युद्धविराम गराउने लामो प्रयासमा इजिप्ट, कतार, अमेरिका, फ्रान्स र अन्यले इजराइल र हमासबीच मध्यस्थका रूपमा काम गरिरहेका छन् र वार्ता जारी छ। उनीहरूले छ साताका लागि युद्ध रोक्न र गाजामा हमासले अक्टोबर ७ मा दक्षिणी इजराइलमा गरेको आक्रमणले युद्ध सुरु भएपछि बन्दी बनाइएका इजराइली बन्दीहरूको रिहाइको माग गरिरहेका छन्।

सञ्चारमाध्यमका अनुसार उक्त सम्झौतामा इजराइलले हिरासतमा लिएका कयौँ सय प्यालेस्टिनी बन्दीहरूको रिहाइ पनि सामेल हुन सक्नेछ। सोमबार सम्झौता कहिले सुरु हुन सक्छ भनी सोधिएको प्रश्नमा बाइडेनले भन्नुभयो, "अर्को सोमबारसम्ममा युद्धविराम हुनेछ भन्ने मलाई आशा छ, हामी यसको नजिक छौँ, हामीले अहिलेसम्म काम पूरा गरेका छैनौँ ।" एक अज्ञात इजराइली अधिकारीले समाचार साइट येनेटलाई 'दिशा सकारात्मक' रहेको बताएका छन्।

फ्रान्सेली राष्ट्रपतिका अनुसार कतारका अमिर शेख तमिम बिन हमद अल-थानी मङ्गलबार पेरिस आउँदै हुनुहुन्छ। कतारले हमासका नेताहरूलाई आतिथ्यता प्रदान गर्दछ र उसले नोभेम्बरमा एक साताको युद्धविराममा सहयोग गरेको थियो। कतारका शासकले साँझ ४ बजे (१५०० जिएमटी)



एलिसी प्यालेसमा फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोनसँग भेट्ने कार्यक्रम रहेको र त्यसपछि राजकीय रात्रिभोज हुने राष्ट्रपति कार्यालयले जनाएको छ।

> **शेख तमिमले पहिला दोहामा हमास प्रमुख इस्माइल हानियेहसँग भेट गर्नुभयो र "तत्काल र स्थायी युद्धविराम सम्झौतामा पुग्ने उद्देश्यले" प्रयासहरूबारे छलफल गर्नुभएको थियो । कुनै पनि युद्धविराम सम्झौताले गाजाप ीको सुदूर दक्षिणमा रफाहमा स्थल आक्रमणमा ढिलाइ गर्ने इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले बताउनुभएको छ ।**

आधिकारिक कतार समाचार एजेन्सीका अनुसार शेख तमिमले पहिला दोहामा हमास प्रमुख इस्माइल हानियेहसँग भेट गर्नुभयो र 'तत्काल र स्थायी युद्धविराम सम्झौतामा पुग्ने उद्देश्यले' प्रयासहरूबारे छलफल गर्नुभएको थियो।

कुनै पनि युद्धविराम सम्झौताले गाजापट्टीको सुदूर दक्षिणमा रफाहमा स्थल आक्रमणमा ढिलाइ गर्ने इजराइली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले बताउनुभएको छ। यसलाई उहाँले हमासमाथि 'पूर्ण जित' हासिल गर्नका लागि आवश्यक रहेको बताउनुभएको थियो।

युद्धको करिब पाँच महिनापछि गाजापट्टीका प्रत्येक अन्य सहरी क्षेत्रमा इजराइली स्थल सेना सक्रिय भएका कारण करिब १४ लाख प्यालेस्टिनीले रफाहमा शरण मागेका छन् । सेनाले इजराइलको युद्ध क्याबिनेटलाई रफाहबाट नागरिकहरूलाई निकाल्ने आफ्नो योजना देखाएको नेतान्याहुको कार्यालयले सोमबार बताएको थियो । यद्यपि ती विस्थापित नागरिक कहाँ जान सक्छन् भन्नेबारेमा कुनै विवरण जारी गरिएको छैन।

संयुक्त राष्ट्रसङ्घले रफाहमा कुनै पनि स्थल आक्रमणविरुद्ध बारम्बार चेतावनी दिएको छ । सोमबार महासचिव एन्टोनियो गुटेरेसले आक्रमणले सहायता कामको 'कफिनमा अन्तिम किला ठोक्ने' चेतावनी दिनुभएको थियो । रफाहले छिमेकी इजिप्टमार्फत अत्यावश्यक सहायताका लागि महत्त्वपूर्ण प्रवेश विन्दुको रूपमा काम गर्दछ । यसलाई गुटेरेसले गाजापट्टीका लागि 'मानवीय सहायता अभियानको मूल' बनाउने बताउनुभएको छ।

"नागरिकहरूको हत्या गर्ने, घाइते बनाउने, यातना दिने र अपहरण गर्ने हमासको नियतवश कार्यलाई औचित्यपूर्ण भन्न सकिँदैन र प्यालेस्टिनी जनताको सामूहिक सजायलाई कसैले पनि उचित ठहर गर्न सक्तैन", गुटेरेसले भन्नुभयो । कुनै पनि स्थलगत घुसपैठअघि रफाह पनि इजराइलको हवाई आक्रमणबाट अछूतो बनेको छैन। विस्थापित गाजाबासी शरिफ मुअम्मरले सहरमा यस्तै एउटा आक्रमणपछि उहाँको छोराको शवलाई भग्नावशेषबाट निकालिएको बताउनुभयो। "यहाँ कोही थिएनन्, बालबालिकामात्र थिए", उहाँले रुँदै भन्नुभयो।

नेतान्याहुले गाजामा अहिले पनि बन्दी बनाइएका बन्धकहरूको भाग्य र सरकारविरोधी आन्दोलनबाट बढ्दो सार्वजनिक दबाबको सामना गर्नुपरिरहेको छ। युद्धका कारण इजराइलमा दुई पटक ढिलाइ भएको नगरपालिका निर्वाचन मङ्गलबार हुँदैछ । निर्वाचनले हमासविरुद्ध इजराइलको करिब पाँच महिनाको युद्धमा जनताको मनस्थिति अनुमान लगाउन सकिन्छ।

# जाउलाखेल राष्ट्रिय पुरुष फुटबल प्रतियोगिताको सेमिफाइनल

टुडे समाचारदाता

काठमाण्डु । राजधानीमा जारी केपी ओली कप राष्ट्रिय पुरुष फुटबल प्रतियोगितामा जाउलाखेल युथ क्लबले आयोजक केपी ओली एफसीलाईपराजितगर्दैसेमिफाइनलमा प्रवेश गरेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा मंगलबार भएको खेलमा जाउलाखेलले केपी ओली एफसीलाई २-१ गोलअन्तरले पराजित गर्‍यो । उसको जितमा निराजन धामी र निरज चौधरीले समान एक/एक गोल गरे।



खेलको ३९औं मिनेटमा जावलाखेलका निराजन धामीले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए। त्यस्तै खेलको ८२औं मिनेटमा जावलाखेलले अग्रता दोब्बर बनायो। खेलको ८४औँ मिनेटमा केपी ओली एफसीका अडामा गोम्वियाकेले एक गोल गरे। त्यसपछि खेलमा कुनै गोल हुन सकेन र जाउलाखेल विजयी भयो । जावलाखेलले सेमिफाइनलमा (एनआरटी) न्यूरोड टिमविरुद्ध खेल्नेछ । सेमिफाइनल यही फागुन १७ त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुनेछ। फागुन १९ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टोलीले रु ११ लाख तथा उपविजेताले रु पाँच लाख पाउनेछ।

# रियललाई ८ अंकको अग्रता



टुडे समाचारदाता

काठमाण्डु । लुका मोडरिचले दोस्रो हाफमा गरेको गोल मद्दतमा रियल मड्रिडले स्पानिस ला लिगामा आइतबार राति सेभियालाई १-० ले पराजित गरेको छ ।यस जितपछि रियलले दोस्रो स्थानको बार्सिलोनामाथि ८ अंकको फराकिलो अग्रता समेत बनाएको छ ।घरेलु मैदानमा भएको खेलमा रियलका लागि ३८ वर्षीय मोडरिचले ८१औं मिनेटमा गोल गरे।

त्यसअघि लुका भजक्वेजले गोल गरेपनि भिएआरले मान्यता दिएन ।जितपछि रियलले २६ खेलबाट ६५ अंक जोडेको छ। दोस्रो स्थानको बार्सिलोनाको समानखेलबाट५७अंकछ।सेभिया २६ खेलबाट २४ अंकसहित १५औं स्थानमा छ।

# औषधि उद्योगले मुलुकलाई आत्मनिर्भरतातर्फ डोऱ्याउँदै

काठमाण्डु। नेपाल औषधिमा आत्मनिर्भरतातर्फ अग्रसर उन्मुख देखिन थालेको छ। ३० वर्षअगाडि नेपाली बजारमा नगन्य रुपमा नेपाली औषधि देखिन्थ्यो भने अहिले त्यो बढेर गएको छ। यसले गर्दा मुलुकको औषधि बजारमा नेपाली औषधिले ५० प्रतिशतको हाराहारीमा हिस्सा पुग्न थालेको छ।

आजभन्दा २० वर्षपहिले १० प्रतिशत मात्र हिस्सा ओगेटेको नेपाली औषधि अहिले करिब ५० प्रतिशतमा हाराहारीमा पुग्न थालेको नेपाल औषधि उत्पादक सङ्घ (एपोन)का अध्यक्ष महेश प्रधानले बताउनुहुन्छ। उहाँले हरेक वर्ष औषधिको बजार हिस्सा बढदै गइरहेको बताउनुभयो । अहिले नेपाली बजारमा ९० अर्बको औषधि कारोबार हुने गरेको छ। त्यसमध्ये ३४ अर्ब नेपाली औषधिको खपत हुने गरेको छ। औषधि व्यवस्था विभागमा नेपाली औषधि उद्योग ८६ वटा आधुनिक उद्योग, ५५ आयुर्वेदिक उद्योग दर्ता रहेका छन्।

नेपालमा २०१८ सालदेखि पशु निदान प्रयोगशालाले गौगोटीको खोप उत्पादन गरेसँगै औषधि उत्पादन सुरु भएको हो। २०२७ सालमा पशु तथा मानव प्रयोगका लागि रेबिज खोपको उत्पादन भएको हो। रासायनिक औषधिको हकमा २०२६ सालमा केमिङ स्थापना, २०३० सालमा शाही औषधिको स्थापना, २०३५ सालमा औषधि ऐन र २०३६ सालमा औषधि व्यवस्था विभागको स्थापना भएपछि २०४६ सालपछि बल्ल औषधि उद्योगको विकास भएको हो।

नेपाल औषधि उद्योगले उत्पादन गर्ने सात सयदेखि सात सय ५० प्रकारको मोलिक्युलको हकमा नेपाली औषधि उद्योगको बजार हिस्सा ७० प्रतिशत रहेको छ। ती मोलिक्युलबाट साढे पाँच हजार प्रकार औषधि उत्पादन हुन्छ तर समग्र औषधिको हिसाब गर्ने हो भने करिब ५० प्रतिशतको हाराहारी नेपाली औषधिको देखिएको र बिस्तारै मुलुकलाई औषधिमा आत्मनिर्भर बनाउन थालिएको बताउनुहुन्छ एपोनका उपाध्यक्ष सन्तोष बराल। "आजभन्दा २० वर्षअघि नेपाली औषधि बजारमा १० प्रतिशत मात्र हिस्सा रहेको थियो," उहाँले भन्नुभयो, "अहिले हामीले आफ्नै मिहनेत, लगानीमा औषधि उद्योगलाई आत्मनिर्भर बनाउन थालेका छौ।"

यता सरकारी तवरबाट नेपाल औषधि लिमिटेडले पनि औषधि उत्पादन गर्ने गरेको छ । लिमिटेडका महाप्रबन्धक कैलाशकुमार पनेरुले अहिले आठ प्रकारमा मात्र औषधि उत्पादन हुने गरेको बताउनुहुन्छ। "पहिले एक सय ४० प्रकारका सम्म औषधि हामीले उत्पादन गर्ने गरेका थियौँ । लिमिटेड चार वर्ष बन्द पनि भयो," उहाँले भन्नुभयो, "अहिले आठ प्रकारका औषधिमा खुम्चिनु परेको छ।" सरकारलाई मात्र औषधि उपलब्ध गराउँदै आएको लिमिटेडले उत्पादन गरेका सिटामोल र जीवनजलमा घाटा व्यहोरिरहेको उहाँले बताउनुभयो।

**पूर्ण मात्रामा मेसिन सञ्चालन छैनन्**

नेपाली औषधि उद्योगका मेसिन पूर्णरुपमा सञ्चालनमा आएका छैनन् । केही औषधि उद्योगले ८० प्रतिशत



मेसिन सञ्चालन गरिरहेका छन्। मुलुकका लागि ७० देखि ८० प्रतिशत औषधि उत्पादन गर्ने क्षमता भए पनि सरकार नेपाली औषधि खरिद नगर्दा ती उद्योग पूर्णरुपमा सञ्चालनमा आउन नसकेको एपोनका अध्यक्ष प्रधान बताउनुहुन्छ । "नेपालमा ३० देखि ३५ प्रतिशत मात्र सञ्चालन भएका उद्योग पनि रहेका छन्," उहाँले भन्नुभयो, "उद्योग पूर्णरुपमा सञ्चालन नहुँदा पर्याप्त मात्रामा औषधि उत्पादन हुन सकेको छैन।"

राज्यले मुलुकमा रहेका नेपाली औषधि उद्योगलाई पूर्णरुपमा सञ्चालन गर्नका बढवा दिनुपर्ने आवश्यकता रहेको उहाँको भनाइ छ । "जतिजति नेपाली उद्योगबाट औषधि उत्पादन गर्न सक्यो । त्यति नै हामी लगानी, उपकरण, जनशक्ति र भवनको प्रयोग त्यति नै हुन्छ। त्यसको प्रभाव प्रत्यक्ष/अप्रत्यक्ष गरी मुलुकको आर्थिक अवस्थामा पर्दछ," उहाँ भन्नुहुन्छ।

**नेपाली औषधि सरकारले किन्नुपऱ्यो**

एपोनले सरकारले सरकारी अस्पतालमा रुपमा प्रयोग हुने औषधि नेपालमा नै उत्पादन गरेको किनिदिनुपर्ने बताउँछन् । केन्द्र, प्रदेश र स्थानीय तहलगायत सरकारी अस्पताल, नेपाली सेना, नेपाल प्रहरी अस्पतालले मात्र नेपालमा उत्पादन भएका औषधि किन्ने हो भने पनि नेपाली उद्योग फस्टाउने सङ्घका अध्यक्ष प्रधान बताउनुहुन्छ। "सरकारले हामीले उत्पादन गरेका र उत्पादन गर्न सक्ने औषधि किनिदिन पऱ्यो । हामी मुलुकलाई औषधिलाई अभाव नहुने गरी जति पनि औषधि उत्पादन गर्दछौँ," उहाँले भन्नुभयो, "त्यसपछि सरकार पनि बाहिरबाट आयात गर्ने औषधिलाई बन्द गर्नुपर्दछ, स्वदेशी औषधि उद्योगले कुनै पनि औषधि उत्पादन गरेको छभने त्यो औषधि बाहिरबाट नल्यादिनुहोस्।"

औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले नेपाली औषधिले उद्योगले उत्पादन गरेका औषधि सरकारले प्रतिस्पर्धाको आधारमा खरिद गर्नुपर्ने बताउनुहुन्छ । "सरकारले स्वास्थ्य बीमा तथा सरकारी अस्पतालमा खरिद गर्ने औषधिहरु नेपाली उद्योगले उत्पादन गरेका औषधिहरु स्वदेशी प्रतिस्पर्धामा खरिद गर्नुपर्दछ," उहाँले भन्नुभयो, "सरकारले नेपाली औषधि खरिद गर्ने हो भने नेपाली औषधिको बजार हिस्सा बढ्छ । औषधि उद्योगले मुलुकलाई औषधिमा आत्मनिर्भर बनाउँछन्।"

विभागका महानिर्देशक ढकालले नेपाली औषधिको बजारमा पहिलेको तुलनामा बढी पाइने गरेको बताउनुहुन्छ। "मैले थाहा पाउँदासम्म नेपाली उद्योगको बजार हिस्सा १० प्रतिशतभन्दा कम रहेको थियो," उहाँले भन्नुभयो, "आजकाल नेपाली औषधिहरु बजारमा देखिन्छन्। हामी औषधि पसलको अनुगमन गर्न जाँदा नेपाली औषधि पनि पर्याप्त मात्रामा देखिन थालेका छन् ।" उहाँले अहिलेको औषधि उद्योगका क्षमताले ७० देखि ८० प्रतिशत नेपालकै औषधिले नेपाली बजारमा आपूर्ति गर्ने सक्ने क्षमता भए पनि सरकारले आवश्यक सहयोग गर्न नसक्दा क्षमता ३० देखि ४० प्रतिशतमा मात्र सीमित रहेको बताउनुभयो । उहाँले सरकारको खरिद गर्ने प्रक्रिया खुला रहेको कारण नेपाली औषधिले विदेशी औषधिसँग प्रतिस्पर्धा गर्न नसकेको बताउनुहुन्छ।

"सरकारको प्रतिस्पर्धाका आधारमा औषधि खुला खरिद गर्ने प्रक्रियामा जुन सस्तो छ, त्यही औषधि सरकारले किन्ने गर्दछ। विदेश उद्योगले हाम्रोभन्दा सस्तो दरमा सरकारलाई औषधि उपलब्ध गराउँछन्," उहाँले भन्नुभयो, "नेपाली औषधिले उत्पादन गरेका औषधि विदेशीसँग प्रतिस्पर्धा गर्न सक्दनौँ । अनि नेपाली औषधिले उत्पादन गरेका औषधि बिक्दैनन् र क्षमताअनुसार उत्पादन गर्न सकेका छैनन्।" उद्योगीलाई राजस्व, बैङ्कको ऋणमा ब्याजदर र अध्ययन तथा अनुसन्धानमा सहुलितय दिनुपर्ने उहाँको भनाइ छ।

यस्तै सरकारले छरिएर खोलिएका उद्योगलाई निश्चित क्षेत्रमा सरकारले जग्गा पानी, बाटो, बिजुली पुर्याएर एकै विशेष आर्थिक क्षेत्र (सेज) जस्तै राख्नुपर्ने सुझाव दिनुहुन्छ। महानिर्देशक ढकालले सरकारले औषधि उद्योगका लागि आवश्यक पर्ने प्रविधि हस्तान्तरणदेखि नयाँ नयाँ प्रविधि भित्र्याउनका लागि सहयोग गर्नुपर्ने भनाइ राख्नुभयो। "सरकार औषधिको लागि चाहिने नयाँ नयाँ प्रविधि ल्याउन र उद्योगको विकासमा खासै देखिएको छैन," उहाँले भन्नुभयो, "फर्मा पढाइ हुने कलेजमा औषधिसम्बन्धी अनुसन्धान र नवीनतम् खालका कार्यक्रम गर्न सकिएमा नेपाली औषधिको क्षमता र औषधिको उत्पादन बढ्छ।"

**सामान खालको औषधि उत्पादन**

नेपाली औषधि उद्योगले सामान खालका औषधि उत्पादन रहेको पाइएको छ । विभिन्न उद्योग कम्पनीले एकै किसिमका औषधि उत्पादन गर्ने गरेको विभागका महानिर्देशक ढकालले बताउनुहुन्छ। "धेरैजसो कम्पनीले उस्तै खालका औषधि उत्पादन गरिरहेका छन् । सामान खालका औषधि उत्पादन गर्ने प्रतिस्पर्धा रहेको छ," उहाँले भन्नुभयो।

एपोनका उपाध्यक्ष बरालले पनि उद्योगले प्रायःजसो एकै खालका औषधि उत्पादन गरेको स्वीकार गर्नुहुन्छ। सरकारलै नीति बनाएर एकै खालका उत्पादन हुने औषधि उत्पादन गर्न नदिनै नीति लिएको खण्डमा भएका उद्योगको उत्पादन पनि बढ्ने र बजारमा अनावश्यक एकै किसिमको औषधिमा प्रतिस्पर्धा नहुने उहाँको भनाइ छ।

**भएन मूल्य समायोजन**

एपोनका उपाध्यक्ष बरालले १६ वर्षदेखि औषधि मूल्य समायोजन नभएको बताउनुहुन्छ । २०६२ सालमा पहिलोपटक र २०७२ सालमा दोस्रोपटक मूल्य समायोजन भए पनि औषधिको मूल्य समयानुकूल परिमार्जन हुन सकेको छैन।

उद्योगलाई चलायनमान गराउन र मुलुकलाई नेपाली औषधिले सेवा गर्न मौका दिनका कम्तीमा पनि वर्षकौ एकपटक औषधिको मूल्य समायानुकूल परिमार्जन गर्नुपर्ने उहाँ बताउनुहुन्छ। "२०६२ सालमा कतिपय औषधिको मूल्य तोकिएको थियो । त्यसपछि औषधिको मूल्य समायोजन गरिएको छैन," उहाँले भन्नुभयो, "अन्तर्राष्ट्रिय मूल्यअनुसार कच्चापदार्थको मूल्य बढिरहेको हुन्छ। कर्मचारीको तलब, बैङ्कको ब्याज पनि बढिरहेको छ । हामी १६ वर्ष पुरानो मूल्यमा औषधि बेच्न सक्दैनौँ।"

भारत संसारमा सस्तो दरमा औषधि बनाउने देश हो तर नेपाली औषधि उद्योगले भारतभन्दा सस्तो दरमा औषधि बेच्नुपर्ने वाध्यता रहेको छ । "सरकारले भारतभन्दा महङ्गोमा औषधि तिमीहरुले बेच्न पाउँदैनौँ भनेर भनोस् र भारतको भन्दा सस्तो नहुने गरी मूल्य समायोजन गरोस् । त्योभन्दा ठूलो नेपाली औषधिका लागि राष्ट्रले केही सोच्नु पर्दैन," एपोनका अध्यक्ष प्रधानले भन्नुभयो । विभागका महानिर्देशक ढकालले अन्तर ष्ट्रिय रुपमा बजारअनुसार नेपाली औषधिको मूल्य पनि समायोजन हुनुपर्ने बताउनुहुन्छ।

**चार अर्बले घट्यो कारोबार**

औषधि उद्योगीहरु कोभिड-१९ महामारीलगत्तै देशको अर्थतन्त्रमा देखिएको सङ्कट र यही समयमा सरकारले उद्योगीका लागि लिएको गलत नीतिका कारण कारोबार घट्दै एपोनका उपाध्यक्ष बरालको भनाइ रहेको छ । आर्थिक वर्ष २०७८/७९ नेपालमा नेपाली उद्योगीहरुको झन्डै ३४ अर्बको औषधिको कारोबार भएको थियो। तर आव २०७९/८० मा रु २९ अर्ब ३६ करोड मात्र कारोबार भएको उहाँले बताउनुभयो।

विगतमा औषधि उद्योगीले वर्किङ क्यापिटल लोन टर्न ओभरको ८० प्रतिशतसम्म पाउने गर्दथ्यो तर अहिले नेपाल राष्ट्र बैङ्कले नयाँ नियम ल्याएर ५० प्रतिशत मात्र दिने व्यवस्था गर्दा औषधि उद्योगलाई समस्यामा परेका उहाँको भनाइ छ।

"सरकारले नेपाली उत्पादतकलाई सहयोग नगर्दा देशमा नेपाली औषधिको बजार हिस्सा क्रमशः गुम्दै विदेशीको बजार बढ्दै गएको देखिन्छ," उहाँले भन्नुभयो, "सरकारले हाम्रा उद्योग सञ्चालनका लागि सहयोग नगर्ने हो भने हामी उद्योग सञ्चालन गर्न सक्दैनौं।"

एपोनका अनुसार १० वटा औषधि उद्योग बन्द भएका छन् । "भएका उद्योग पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकैका छैनन् । यसको प्रमुख कारण एकै प्रकारका औषधि धेरै उद्योगको हुनु र विदेशबाट पनि नेपाली औषधि उद्योगले उत्पादन गर्ने औषधि आयात हुनु हो," एपोनका उपाध्यक्ष बरालले भन्नुभयो ।रासस

# रोजगार माग्दै एकल महिला



टुडे समाचारदाता

टीकापुर । कैलालीको टीकापुरकी साहुनी बुढाका श्रीमान्को गत वर्ष मृत्यु भयो । कमाइ गर्ने श्रीमान् बितेपछि साहुनीको जीवन दुःखदायी भएको छ। टीकापुरको एकतानगर बस्तीमा बस्ने उनको घरमा कमाउने कोही नभएपछि जीवन कष्टकर भएको हो। श्रीमान् बितेपछि साहुनीले बालबच्चाको भोक मेटाउन नसकेर दुई छोराछोरी अनाथाश्रममा राखेकी छन् । एक छोरी आफूसँग छिन् । उनलाई खर्च जुटाउन निकै समस्या भएको छ।

"मेरो शारीरिक अवस्था कमजोर छ, दिनभरि कडा श्रम गर्नुपर्ने काम गर्न सक्दिनँ, अरु कमाउने कोही छैन", साहुनीले भनिन्, "बच्चा पाल्न सकिनँ, दुई बच्चा अनाथाश्रममा राखेकी छु । एउटा छोरी साथमा छिन्, उनलाई पनि शिक्षादीक्षा दिन समस्या भएको छ । घरमा खानेकुरा छैन।"

कौशिल्ला कामीका श्रीमान्समेत बितेपछि उनलाई समस्या छ । सत्तरी वर्षकी कौशिल्लाको स्वास्थ्य पनि राम्रो छैन । उनलाई पनि कठिनाइ भएको छ । "केही काम गर्न सक्दिनँ, घरमा छोरी छन्, छोरीले पकाएर दिए खान पाउँछु", उनले भनिन्, "रोगले सताएको छ।

उपचारमा धेरै रकम खर्च हुन्छ, कुन दिन भोकै मर्नुपर्छ भन्ने पिरले सताउने गरेको छ।" एकल महिलामा पनि ज्येष्ठ एकल महिलालाई घरव्यवहार चलाउन, खर्च जोहो गर्न र बालबालिकाका आवश्यकता पूरा गर्न कठिनाइ हुने गरेको छ।

बाटु कामी पनि शारीरिकरूपमा अशक्त हुँदै गएकी छन् । उनलाई पनि सामाजिक सुरक्षा भत्ताले मात्र खर्च धान्न नपुग्दा समस्या भइरहेको छ । उनी सरकारले निःशुल्क उपचार गरिदिएको भए हुन्थ्यो भन्छिन् । "सामाजिक सुरक्षा भत्ता पाउँछु, एक किस्तामा रु आठ हजार पाइन्छ, महिनामा रु दुई हजारसम्मको औषधि खान्छु, त्यो रकमले पुग्दैन", उनी भन्छिन्, "ममात्र होइन, मजस्ता एकल महिलाका समस्या थुप्रै छन् । श्रीमान्को मृत्युपछि बेरोजगार रहेका सबै महिलालाई घर चलाउन आर्थिक कठिनाइले सताएको छ।"

छपन्न वर्षीया सरस्वती ओड पनि एकल महिलाका थुप्रै समस्या रहेका बताउछिन् । सामाजिक सुरक्षा भत्ताको रकमले घर खर्च चलाउन निकै कठिन रहेको, रोजगारी केही नभएकाले समस्या भइरहेको ओड बताउछिन् । "हामी केही काम पाएको भए गर्न सक्थ्यौं, सरकारले रोजगारीका अवसर दिएको भए हाम्रो जीवन सहज हुने थियो", ओड भन्छिन्, "हामी जवान छौं, हामीलाई प्रधानमन्त्री रोजगारजस्ता कार्यक्रममा रोजगारीका अवसर स्थानीय सरकारले दिनुपर्छ। अन्य सीपमूलक तालिम, अनुदानजस्ता सहयोग गरेर हाम्रो जीवन सहज बनाइदिनुपर्छ।"

देवी परियारका पनि साना बालबच्चा छन् । उनी खाउलाउ भन्ने उमेरमा श्रीमान् गुमाएका महिलालाई आर्थिक समस्याले झेलेकाले सरकारले रोजगारीका अवसर सिर्जना गरिदिएको भए हुन्थ्यो भन्छिन् । "जग्गाजमिन भएको भए खेतीपाती गर्ने थियौँ, हामीलाई बालबच्चा पाल्न गाह्रो हुन थाल्यो", देवीले भनिन्, "हामी रोजगारी पाए जुनसुकै काम पनि गर्न सक्छौँ, हामीलाई सरकारले उत्पादनमूलक रोजगारीका अवसर देओस्।"

ज्येष्ठ एकल महिला विजा कामीका श्रीमान् बिते । श्रीमान् बितेको केही समयपछि छोरा पनि बितेपछि तीन टुहुरा नातिनातिनी पालेर बसेकि छन् । उनलाई बालबच्चालाई खुवाउन, पालनपोषण गर्न कठिन भएको छ । "श्रीमान् र छोरा कमाउने उमेरका मानिस रहेनन्, साना तीन नातिनातिनी मैले स्याहार्नुपरेको छ", उनले भनिन्, "बच्चा भोकभोकै छन्, कहिलेकाहीँ राति उठेर रुन्छन्, मैले कसरी सम्हाल्नु। उनीहरूलाई के खुवाएर पेट भरौँ ?"

टीकापुर नगरपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने ज्येष्ठ नागरिक एकल महिला छ सय २६ रहेका छन् । विधवा महिला एक हजार पाँच सय ७० छन् । महिला बालबालिका शाखा संयोजक सङ्गीता शाहले नगरपालिकाले एकल महिलाको सशक्तीकरणका क्षेत्रमा पालिकाले तालिम, गोष्ठी, बाख्रा, बङ्गुर वितरणजस्ता कार्य गर्दै आएको बताईन् ।

"एकल महिलाका समस्या धेरै छन्, त्यसैलाई ध्यान दिएर हामीले हरेक कार्यक्रम गर्दा एकल महिलालाई प्राथमिकता दिने गरेका छौँ", उनले भनिन्, "पालिकाले वडास्तरमा बाख्रा वितरण, बङ्गुर वितरणजस्ता कार्यसमेत गर्दै आएका छन्।"

# कृषि बाली हरियाली पार्ने 'पोखरी योजना'

टुडे समाचारदाता

चौतारा। सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिका-११ ले हिउँद र वर्षा दुवै मौसममा कृषि क्षेत्रलाई हरियाली राख्ने उद्देश्यले 'पोखरी योजना' को सुरुआत गरेको छ।

प्रारम्भिक चरणमा वडाको बीच भागमा एउटा बृहत् पोखरी निर्माण गरिएको छ। जहाँ एक करोड लिटरभन्दा बढी पानी अट्छ । टारी खेतबारीलाई लक्षित गेरर बर्सादमा रोपाइँ गर्न ठाउँठाउँमा स-साना पोखरी निर्माण गरिएको वडाअध्यक्ष रोशनराज गिरी बताउछन्।

त्यसैगरी, करेसाबारीका लागि घरको छतबाट खसेको पानी सङ्कलन गर्ने घरैपिच्छे पोखरी तयार गरिएको छ । प्रत्येक टोलमा भैँसी आहाल बस्ने पोखरी बनाइएको वडाअअध्यक्ष गिरी बताउछन् । पानीको मूल र मुहानको प्रकृति जीवित राख्न वडाभर पाँच सयवटा साना-ठूला पानी पोखरी बनाइएको छ । यस आर्थिक वर्षमा वडामा आएको रु ८५ लाख बजेटमध्ये रु ६० लाख कृषिमा विनियोजन गरिएको उनले बताए। जङ्गलमा झरेको पात सङ्कलन गर्न एक सयवटा खाल्डो तयार गरिएको छ। १० भन्दा बढी पोखरी घाँसको साइलेजका लागि बनाइएको छ । बर्सादमा काटेको घाँस हरियो राख्ने प्रविधि साइलेज हो।

बर्सादभर जम्मा गरेको पानी हिउँदमा प्रयोग गरिन्छ । अहिले वडामा टनेल र ग्रिन हाउस निर्माण भइरहेको बताउँदै वडाध्यक्ष गिरी भन्छन्, "पशुपालन र हिउँदे तरकारीबाट किसानलाई आम्दानी बढी दिने लक्ष्य लिइएको छ।"

किसानलाई मानसिकरुपमा कृषि कर्ममा तयार गर्नका लागि वडाअध्यक्ष किसानसँग भेटघाट गर्ने, विकास निर्माणमा श्रमदानलाई प्राथमिकता दिने र पशुपालन एवम् कृषिमार्फत गाउँलाई समृद्ध बनाउने खाका कोरिरहन्छन् । त्यसैले त अध्यक्ष गिरीले अनुदानलाई भन्दा पनि उत्पादनलाई बढी जोड दिएको पाइन्छ । वडाअध्यक्षले बाख्रा वितरणलाई प्राथमिकतामा राखेका छन् । केही सीमित किसानलाई बाख्रा वितरण गर्ने र ती बाख्राबाट उत्पादन भएकालाई पुनः अर्को किसानलाई वितरण गर्दै जाने उनको योजना रहेको छ।

मधेश प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

धनुषा, जनकपुरधाम

## प्रस्ताव आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०।११।१६

यस कार्यालयको आ.ब. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि क्षेत्रका अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन, २०७७)" अनुरुप तपसिल वमोजिमका कार्यक्रमहरु यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०८०।११।३०) सम्म कार्यालय समयभित्र आवश्यक कागजातहरु खामबन्दी गरी प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धमा थप जानकारीको लागि यस कार्यालयको पशु विकास अधिकृत डा. सुनिल कुमार यादब (मोबाईल नं. ९८४५८२५१७२) र अधिकृत श्री विनोद पाण्डे (मोबाईल नं. ९८५४०२९८३१) लाई सम्पर्क गर्नु हुन अनुरोध छ।

तपसिल:

| क्र.सं. | कार्यक्रमको नाम | लागत साझेदारी प्रतिशत | ईकाई | परिमाण | कुल वजेट (रु.लाखमा) | साझेदार संस्थाहरु | आवश्यक कागजातहरु |
|---|---|---|---|---|---|---|---|
| १. | स्थानीय तहहरुमा माछामासु विक्रि कक्ष निर्माण | ५०% | संख्या | ५ | ११५ | माछामासु विक्रि वितरणमा संलग्न निजी व्यवसायी/ स्थानीय तह | १. प्रस्ताव/कार्ययोजना<br>२. आवेदन/प्रस्तावमा हस्ताक्षारगर्ने व्यक्तिको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,<br>३. सम्बन्धित निकायमा दर्ता/नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रकोप्रतिलिपि, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,<br>४. स्थानिय तहको हकमा सम्वन्धीत कार्यपालिको निर्णयको प्रतिलिपी,<br>५. व्यवसाय योजना बमोजिमको डिजाइन र लागत अनुमान,<br>६. कार्यक्रम संचालन गर्नुपर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमाजग्गाधनी प्रमाणपूर्जा समेत करार पत्र (नोटरी पब्लिकबाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जुरीनामा (कम्तीमा १० बर्ष अवधिको) वा स्थानीय तहकोहकमा स्वामित्व देखिने कागजात/सिफारिस पत्र,<br>७. स्थानीयतहको हकमा आवेदन/प्रस्तावमा हस्ताक्षार गर्नेका लागि सम्वन्धित स्थानीय तहको आधिकारिक व्यक्ति तोकिएको निर्णयको प्रतिलिपि |
| २. | हरुवाचरुवा, दलित लगायत लक्षित वर्गको जीविकोपार्जनका लागि १००% अनुदानमा पशुपन्छीपालन कार्यक्रम | १००% | पटक | १ | २५ | हरुवाचरुवा, दलित लगायत वर्ग | १. प्रस्ताव/कार्ययोजना,<br>२. आवेदन/प्रस्तावमा हस्ताक्षरगर्ने व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,<br>३. सम्वन्धित निकायमा समुह दर्ता भएको प्रमाण-पत्रकोप्रतिलिपि, स्थायी लेखा नम्बर (एब्ल) प्रमाण-पत्रको प्रतिलिपि, कर चूक्ता प्रमाण पत्रको प्रतिलिपि<br>४. सम्वन्धित स्थानिय तहबाट हरुवाचरुवा, दलित लगायत वर्ग पहिचान हुने सिफारिस पत्र<br>५. समूहको बैठकको निर्णयको प्रतिलिपि, |

पुनश्चः प्रस्ताव/कार्ययोजना ढाँचा कार्यालयको वेबसाईटः (vhlsecdhanusha.p2.gov.np बाट डाउनलोड गरी) बाट प्राप्त गर्न सक्नेछ।

# पर्सा गाउँपालिकामा अनिश्चितकालीन तालाबन्दी



टुडे समाचारदाता

मलंगवा । सर्लाहीको दक्षिण-पूर्वी क्षेत्र अन्तर्गतको पर्सा गाउँपालिकामा दुई साताअघि लगाइएको तालाबन्दीको कारण कामकाज ठप्प छ।

जनप्रतिनिधिकै कारण गाउँपालिकाको कार्यालयमा लगाइएको तालाबन्दीले गर्दा सेवाग्राही मारमा परेका छन्।

गाउँपालिकाका बहुमत कार्यपालिका सदस्यले विभिन्न १९ बुँदे माग राख्दै फागुन १ गतेदेखि गाउँपालिका कार्यालयमा तालाबन्दी गरेका छन्।

गत आर्थिक वर्ष २०७९/०८० को आय-व्ययको फाँटवारी उपलब्ध गराउनुपर्ने, शाखा प्रमुखहरुको कामकाज सन्तोषजनक नभएकाले हेरफेर वा आवश्यकता अनुसार हटाउनु पर्ने, स्थायी, करार र ज्यालादारी कर्मचारीको तलबसहित नामावली विवरण उपलब्ध गराउनुपर्ने, इन्धन खर्चको विवरण उपलब्ध गराउनु पर्ने, २०७४ सालदेखि अहिलेसम्मको पेश्की र बेरुजु फछ्र्यौट गर्नु पर्नेलगायतका माग आन्दोलित जनप्रतिनिधिको रहेको छ।

कार्यपालिका बैठकबाटै १९ बुँदे माग पूरा गर्ने र बहुमत जनप्रतिनिधिले मागेको सूचना उपलब्ध गराउने निर्णय भए पनि पछि गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत कार्यपालिकाको निर्णयबाट पछि हटेका कारण तालाबन्दी लगाइएको छ।

पर्सा गाउँपालिकामा १५ जनाको कार्यपालिका सदस्यमध्ये चारजना वडाध्यक्ष र चारजना सदस्यसहितका बहुमत सदस्यले १९ बुँदे माग राखेर गाउँपालिकामा तालाबन्दी गरेको पर्सा गाउँपालिका-४ का वडाध्यक्ष सुवोध राय यादवले बताए।

कार्यालयको मुलगेटमै तालाबन्दी भएपछि कर्मचारी दुई सातादेखि कार्यालयमा आएका छैनन्। पर्सा बजार स्थित गाउँपालिका कार्यालय अगाडि किराना पसल सञ्चालन गर्दै आएका रामईश्वर महतो कोइरीले गाउँपालिका कार्यालय बन्द हुँदा सेवाग्राही रित्तै हात फर्किनु परेको छ।

आन्दोलित पक्षबाट गाउँपालिकामा कार्यरत वन प्राविधिक राजेशप्रसाद यादव, प्रशासन, योजना तथा जिन्सी शाखाका नायब सुब्बा उपेन्द्र राय यादव र सूचना तथा संचार प्रविधि अधिकृत विमलेश रायलाई हटाउनुपर्ने माग अघि सारिएको छ। प्रमुख प्रशासकीय अधिकृत सुरेशकुमार यादवले संघीय सरकार मातहतका कर्मचारी गाउँपालिकाले हटाउन नसक्ने यसअघि देखि नै बताइरहेका छन्।

गाउँपालिकाका अध्यक्ष धिरेन्द्र रायले व्यक्तिगत काममा व्यस्त भएको र केही दिनभित्रै आन्दोलित जनप्रतिनिधिसँग छलफल गरेर समस्या समाधान गर्ने बताए।

# कुनै खास समुदायलाई होच्चाएर मुलुकको विकास असम्भव : अध्यक्ष यादव

पूर्व उपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले भने, "प्रकृतिले नेपाललाई धेरै थोक दिएको छ, हामी जलश्रोतमा निकै धनी छौं, यहाँ पर्यटनको ठूलो सम्भावना छ, तर शासन सत्तामा बसेकाहरुले दुई तिहाई जनताको साथ विभेद र उपेक्षा गरेको कारण मुलुकमा आर्थिक समृद्धि आउन सकेनन् । देशको आर्थिक अवस्था दयनीय हुन पुगेको छ ।"

टुडे समाचारदाता

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले कुनै खास सामुदायलाई होच्याएर मुलुकको विकास सम्भव नरहेको दाबी गरेका छन्।

जसपाको भातृ संगठन समाजवादी मुस्लिम संघको प्रदेशस्तरीय भेलालाई मंगलवार जनकपुरधाममा सम्बोधन गर्दै अध्यक्ष यादवले नेपाल बहुभाषी, बहुजाती र बहुधार्मिक भएकोले कुनै खास सामुदायलाई विभेद गरेर मुलुकको विकास नहुने बताए।




मुलुकको निर्माणदेखि हरेक राजनीतिक परिवर्तनमा नेपाली मुस्लिमको उल्लेखनीय योगदान रहे पनि आर्थिक, समाजिक, तथा राजनीतिक जनचेतनामा निकै पछाडि परेको उनले बताए। उनले भने, 'यो मुलुक बहुभाषिक, बहुजातिय र बहुधार्मिकको देश हो, कुनै सामुदायलाई होच्चाएर, विभेद गरेर, बहिष्करणका पारेर न मुलुकको शान्ति र स्थिरता आउँदैन न त मुलुकको विकास नै सम्भव छ। समाजिक भाईचारा, धार्मिक सद्भाव र मेलमिलापले नै देश आर्थिक समृद्धिको बाटोमा अगाडि बढ्छ।'

पूर्व उपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले भने, 'प्रकृतिले नेपाललाई धेरै थोक दिएको छ, हामी जलश्रोतमा निकै धनी छौं, यहाँ पर्यटनको ठुलो सम्भावना छ, तर शासन सत्तामा बसेकाहरुले दुई तिहाई जनताको साथ विभेद र उपेक्षा गरेको कारण मुलुकमा आर्थिक समृद्धि आउन सकेनन्। देशको आर्थिक अवस्था दयनीय हुन पुगेको छ।'

सो कार्यक्रममा मुख्यमन्त्री सरोज कुमार यादवले संघीयता विरोधी तत्वहरुले पछिल्लो समय मधेश प्रदेशका विभिन्न ठाउँहरुमा धार्मिक सद्भाव विथोल्ने षडयन्त्र गरिरहेको बताए। आफु मुस्लिम सामुदायको कार्यक्रममा सहभागी हुँदा केही व्यक्तिले फोन गरेर विभिन्न प्रकारको गाली बेइज्जती तथा टिकाटिप्पणी गरेको बताउँदै मुख्यमन्त्री यादवले भने,' प्रदेश सरकार सबै सामुदायको लागि बराबर हो। प्रदेश सरकार कसैलाई काखापाखा गर्दैनन्। तर समाजका धार्मिक सद्भाव, आपसी भाईचारा बिगार्ने तत्वलाई प्रदेश सरकारले कारबाही गर्न पछाडि पर्दैनन्।'

सो कार्यक्रममा पूर्व मुख्यमन्त्री लालबाबु राउतले तत्कालीन मधेशी जनअधिकार फोरम नेपालदेखि अहिले सम्म अन्य पार्टी भन्दा जसपाले दलित, जनजाती, मुस्लिम तथा समुदायमा पछाडि पारिएका समुदायको हक अधिकारको वकालत गर्दै आएको बताए।

नेपालको इतिहासमा पहिलो पटक मधेश प्रदेश सरकारले प्रदेशमा बसोबास गर्ने हरेक जातजातीको जनसंख्याको अधारमा प्रदेशको हरेक सरकारी निकायमा आरक्षण व्यवस्था दिने गरि कानुन ल्याएको उनले दाबी गरे।

सो भेलाबाट युवा नेता मोशाहीद हुसेनको संयोजकत्वमा ५१ सदस्यीय मधेश प्रदेश समाजवादी मुस्लिम संघ तदर्थ समिति गठन गरिएको छ।

# दुग्ध उत्पादक सहकारी संघ आन्दोलित

टुडे समाचारदाता

मलंगवा । दुग्ध उत्पादक सहकारी संघ लिमिटेड, महुली सप्तरी दुग्ध उत्पादक कृषकहरूको समस्या समाधानको लागि आन्दोलनमा उत्रेका छन्। निर्धारित कार्यक्रम अनुसार दुग्ध उत्पादक सहकारी संघ लिमिटेड, महुली सप्तरीले मंगलबार प्रमुख जिल्ला अधिकारी किरण थापालाई किसानहरूले विभिन्न ११ सूत्रीय माग राखी प्रजिअ थापालाई ज्ञापनपत्र बुझाएका हुन्।



आन्दोलनकारीले चर्को नाराबाजी गर्दै जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना समेत दिएका थिए। आन्दोलनकारीले ज्ञापन पत्रमार्फत दुधको भुक्तानी रोक्ने, नेपाल सरकारले तोकेको मूल्यभन्दा कम आफूखुसी मूल्य तोक्ने, नियमित रूपमा दुध खरिद नगर्ने जस्ता समस्या समाधान गरिदिन माग गरिएको छ।

जिल्ला दुग्ध उत्पादक सहकारी संघले विभिन्न सरोकारवाला निकायसँग छलफल गरी यो समस्याको समाधान गर्न जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेड सप्तरीसमेतको सहभागितामा केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड नेपालले दुग्ध उत्पादक कृषकहरूले दुध बिक्री बापत पाउनुपर्ने रकम भुक्तानी लगायतका विषयमा नेपाल सरकारसँग गत मङ्सिर २६ गते सम्झौता भएकोमा उक्त सहमति कार्यान्वयन नभएको हुँदा यस दुग्ध उत्पादक सहकारी संघ लिमिटेड सप्तरीले नेपाल सरकारको ध्यानाकर्षण गराई तुरुन्त उक्त सम्झौता कार्यान्वयनको लागि ज्ञापन पत्रमा माग गरेको छ।

संघले विगत ८ महिनाअघि देखि सरकारी स्वामित्वको विराटनगर दुग्ध वितरण आयोजना लगायत अन्य निजी डेरी उद्योगीहरूले बक्यौता राखेको ८ करोड रुपैयाँभन्दा बढीको भुक्तानी यथाशीघ्र दुग्ध किसानहरूलाई गराइदिनुको साथै आफू खुसी राखिएको मूल्य खारेज गरी नेपाल सरकारले तोकेको मूल्य कायम गर्न माग गरेका छन्।

भन्सार विभागको तथ्यांक अनुसार चालु आर्थिक वर्ष श्रावणदेखि पौष मसान्तसम्म एक अर्ब त्रिचालिस करोड उनानब्बे लाख तइस हजार रुपैयाँको दुग्ध जन्य पदार्थ आयात गरी दुग्ध जन्य पदार्थलाई अन्तर्राष्ट्रिय बजारमा अविलम्ब बिक्री गर्ने व्यवस्था गर्न सङ्घले माग ज्ञापन पत्रमा माग गरेका छन्।

त्यस्तै, सहुलियत कृषि कर्जामा एवम् रोकिएको ब्याज कृषि अनुदान कार्यक्रम उपलब्ध गर्न, विगतमा दिइँदै आएको दुध लिटर अनुदान कम्तीमा १० रुपैयाँ सबै पालिकामा सबै किसानले पाउने गरी लागू गर्न, पशु आहारा, पशु औषधि लगायत पशुपालनसँग सम्बन्धित वस्तुका मूल्य सरकारबाट अविलम्ब नियन्त्रण गर्न, बिमा कार्यक्रमलाई प्राथमिकतामा राखी बिमाको दाबी भुक्तानी सहज बनाउन ज्ञापन पत्रमा उल्लेख गरेका छन्।

निर्यात गरिएको दुग्ध जन्य पदार्थहरूमा अनुदानको व्यवस्था अविलम्ब गर्न, दुध तथा दुग्ध पदार्थ निर्यातको लागि खोरेत लगायतका रोग मुक्त घोषणा गर्न, सीमा क्षेत्रबाट अवैध रूपमा भित्री रहेको दुध तथा दुग्ध जन्य पदार्थको तस्करी बन्द गर्न, गुणस्तरीय दुध उपभोक्ता समक्ष पुर्‍याउनका लागि आवश्यक प्रबन्ध गर्न, पशु आहार पराल भूस आदिको ढुवानीमा ट्राफिक प्रहरीले दिने अनावश्यक दुःख अन्त्य गर्न ज्ञापनपत्रमार्फत् माग गरेका छन्।

सप्तरीका प्रमुख जिल्ला अधिकारी थापाले स्थानीय स्तरबाट समस्याको समाधान गर्ने र माथिबाट हुने कामको लागि पहल गर्ने बताए। आन्दोलनकारीले बिहीबार १२ बजेदेखि १ बजेसम्म शान्तिपूर्ण तरिकाले पूर्व पश्चिम राजमार्गको महुली खण्डमा दुध पोखेर १ घण्टा चक्का जाम गर्ने आन्दोलनको कार्यक्रम रहेको बताए।

संघका सप्तरी अध्यक्ष दीपेन्द्र कुमार आचार्यले माग पूरा नभएसम्म केन्द्रीय दुग्ध सहकारी संघले आह्वान गरेका अन्य सबै आन्दोलनमा सहभागी हुने बताउँदै फागुन २१ देखि माइतीघर मण्डलामा हुने धर्ना तथा विरोध प्रदर्शन जारी राख्ने बताए।

# पानी अभावमा भौंतारिँदै वन्यजन्तु



टुडे समाचारदाता

रौतहट । वन्यजन्तुलाई सहजरुपमा खानेपानी उपलब्ध गराउने उद्देश्यले रौतहटको वन क्षेत्रभित्र बनाइएका पोखरी पानीविहीन हुँदा वन्यजन्तु भौंतारिँदै छन्।

वन्यजन्तु पानी तथा आहारको खोजीमा मानव बस्तीमा नआउन् भनेर रौतहटका वन क्षेत्रमा बनाइएका ११ वटै पोखरी पानीविहीन अवस्थामा रहँदा वन्यजन्तु पानीका लागि भौंतारिदै नदीखोला नजिकको बस्तीमा समेत प्रवेश गर्ने गरेका छन्।

सिमसार व्यवस्थापन कार्यक्रमअन्तर्गत जिल्लाको बागमती सामुदायिक वन चन्द्रपुर-१ को वन क्षेत्रमा एउटा, नमुना सामुदायिक वन चन्द्रपुर-२ को वन क्षेत्रमा दुई वटा, खोरकटी सामुदायिक वन क्षेत्रमा एउटा पोखरी निर्माण गरेको थियो।

त्यस्तै धन्सार चक्ला वन क्षेत्रमा एउटा, रंगपुर साझेदारी वन क्षेत्रमा चार वटा, जंगलसहिया साझेदारी वन क्षेत्रमा दुई वटा गरी ११ वटा पोखरी खनेको डिभिजन वन कार्यालय रौतहटका सूचना अधिकारी विमल ठाकुरले जानकारी दिए। उनका अनुसार सिमसार व्यवस्थापन कार्यालयले आर्थिक वर्ष ०७६/०७७ मा छ वटा र ०७७/०७८ मा पाँच वटा गरी ११ वटा पोखरी निर्माण गरेको थियो। अहिले कुनै पनि पोखरीमा पानी छैन।

पानीको स्रोत नै नभएको ठाउँमा पोखरी निर्माण गरिएकोले पोखरी पानीविहीन भएको सरोकारवाला बताउँछन्। पोखरीमा घाँस र बुट्यान सप्रिएको देखिन्छ। पोखरी पुरिएर समतल अवस्थामा पुगेको छ। बढ्दो गर्मीसँगै प्यास बढ्न थालेको अहिलेको अवस्थामा जंगलका ती पोखरीमा पानी नभएपछि वन्यजन्तु गाउँ पस्न थालेको चन्द्रपुर-२ जुडिबेलाका किसान अशोक राई बताउँछन्।

डिभिजन वन कार्यालयले जनाएअनुसार वन्यजन्तु प्यास मेटाउन नदी खोला नजिक रहेको बस्तीमा प्रवेश गर्न थालेका छन्। चन्द्रपुर नगरपालिकाको वडा नम्बर १ को पौराई र ब्रह्मस्थान क्षेत्र, २ को जुडिबेला, पौराई र फूलबारी, ३ को गैंडाटार र भोलनटार, वडा नम्बर ४ को जंगलटोल, ५ को राजपैडा, ६ को डाबरीटोललगायतका गाउँमा हरिण, बँदेल, नीलगाई, हात्ती, बाँदरलगायतका वन्यजन्तु प्रवेश गर्न थालेका छन्। जनावरबाट मानवीय क्षति नभए पनि अन्नबाली, तरकारी बाली र दलहन बालीमा क्षति पुगेको गैंडाटारका युवा समाजसेवी सन्तोष चौहानले बताए।

डिभिजन वन कार्यालयका प्रमुख शैलेन्द्र मिश्रले भने, "रौतहटको वनमा विभिन्न प्रकारका वन्यजन्तु त छँदैछन् तर जिल्लाको पश्चिमतर्फ बारा जिल्लाको वनक्षेत्रसँग जोडिएको पर्सा राष्ट्रिय निकुञ्जबाट समेत यस जिल्लामा वन्यजन्तु विचरण गर्ने गर्छन्। गर्मीको मौसम छिप्पिँदै गर्दा वन्यजन्तु पानीका लागि वनमा भौंतारिन्छन्। पानी कतै नपाएपछि नदी खोला खोज्दै बस्ती नजिक पुग्छन् र जनधनको क्षति हुन जान्छ।"

पोखरी मर्मत तथा पानी व्यवस्थापन गर्न कुनै किसिमको बजेट नआएको कारण पोखरी अलपत्र अवस्थामा छ। पोखरी व्यवस्थापन गर्न विशेष पहल गर्ने उनको प्रतिबद्धता छ। विगत तीन वर्ष यता वन्यजन्तुको आक्रमणबाट रौतहटमा तीनजनाको मृत्यु भएको छ भने धेरै बिघा जमिनको बालीमा क्षति पुर्‍याएको छ।

# कटान रोक्न तटबन्ध निर्माण हुँदै

टुडे समाचारदाता



सिरहा । सिरहा-सप्तरीको सीमावर्ती बलान नदीले लहान नगरपालिकामा सुख्खा मौसममा समेत जारी राखेको कटान रोक्न तटबन्ध निर्माण कार्य सुरु गरेको छ।

५० लाख रुपैयाँको लागतमा तटबन्ध निर्माण कार्य सुरु गरेको लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले बताए। उनले यसअघि दुई पटक ३० लाख रुपैयाँभन्दा बढी रकमबाट बालुवाको बाँध र बाँसको टाटीले कटान रोक्न गरिएको प्रयास सफल नभएपछि लहान नगरपालिकाले ५० लाख रुपैयाँ र प्रदेश सरकारले ९० लाख रुपैयाँ गरी एक करोड चालिस लाख रुपैयाँको लगानीमा वर्षातको समय आउनुअघि ठोस निर्माण कार्य अघि बढाएको छ।

दुई दशक अघिदेखि पश्चिमी किनारा लहान नगरपालिका -२३ स्थित सखुवा नन्कारकटि गाउँपालिकाको वडा नम्बर ४ र ५ र भगवानपुर गाउँपालिकाको वडा नम्बर १ र २ मा जारी राखेको कटानले एक हजार बिघा उर्वर जमिन कटान गरेर सम्पन्न कतिपय किसानहरु सुकुम्बासीसमेत भएका छन्। लहान-२३ स्थित तिलेबोना गाउँका ५५ बिघा जमिन खोलाले बगाएको स्थानीय मुसहरु यादवले बताए।

यस वर्ष कटान रोक्न सकिएन भने पश्चिमतर्फका गाउँमा बाढी पस्ने खतरा देखिएपछि वडा कार्यालय लहान नगरपालिका र प्रदेश सरकारलाई गुहारेपछि एक करोड ४० लाख बजेट विनियोजन गरिए पनि पर्याप्त छैन। संघ प्रदेश र स्थानीय तह लहान नगरपालिका सखुवानन्कारकटी र भगवानपुर गाउँपालिका संयुक्त रुपमा तटबन्ध गर्न करोडौंको बजेट विनियोजन गरेमा उर्वर हजार बिघा जमिन र पश्चिमी किनारामा रहेको तिलोबोना सिमराहा सखुवा र कल्याणपुरलाई सुरक्षित गर्न सकिने सखुवानन्कारकटी गाउँपालिका अध्यक्ष केदारनाथ यादवले बताए।

यस वर्ष लहान नगरपालिका र प्रदेश सरकारले समयमै काम सुरु गरेपछि राहत हुने विश्वास जागेको उनले बताए।

# अपहरित बालकको उद्धार, महिला पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामबाट बेपत्ता भएका एक वर्षीय बालकको धनुषा प्रहरीले उद्धार गरेको छ।

जनपुरधाम उपमहानगरपालिका वडा नम्बर २३ स्थित डेरामा बस्दै आएका रुपेश कुमार झाको छोरा १ वर्षीय रुद्रांश झाको सकुशल उद्धार गरिएको धनुषा प्रहरीले जनाएको छ।

गत फागुन १२ गते साँझ घरमा खेलिरहेको बेला अपहरणमा परेका बालकलाई महोत्तरीको लोहारपट्टी नगरपालिका- ३ स्थित विभा देवी मण्डलको साथबाट उद्धार गरिएको धनुषाका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक रञ्जन अवाले बताए।

उनले बालक बेपत्ता भएपछि स्थानीयले दिएको जानकारी अनुसार खोजतलास गर्दा जनकपुरधाम उपमहानगरपालिका- २४ का ४२ वर्षीया विभा देवी मण्डलको घरबाट बालक फेला पारेको छ। त्यस्तै बालक अपहरण गर्ने विभा मण्डलविरुद्ध अपहरण तथा शरीर बन्धक मुद्दा दर्ता गरी प्रहरीले कारबाही प्रक्रिया अघि बढाएको छ।

घर भाडामा

जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर २ वकिल टोलको मुखमा भानुचोकसँगै रहेको ३ बेडरुम, १ हल, किचेन, बाथरुम, कारपार्किंगको सुविधा सहितको आधुनिक घर भाडाका लागि खाली छ। लिने इच्छुक व्यक्ति वा संस्थाले निम्न नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ।

सम्पर्क नं.:-

९८५१०७७२७६ र ९८१००७७२७६

आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ।

कम्प्युटर अपरेटर - १ (एक) जना

लेखापाल - २ (दुई) जना

(व्यवस्थापन संकायमा स्नातक उत्तिर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको/महिलालाई विशेष प्राथमिकता)

सम्पर्क

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८